# प्रदेश सभा

# गण्डकी प्रदेश

# छैटौं अधिवेशन

# (चौथो बैठक)

# कार्यबाहीको सम्पूर्ण विवरण

# मिति : २०७७।०२।१४ गते

माननीय सदस्यहरु,

आजको बैठकको कारबाही प्रारम्भ हुन्छ । सर्वप्रथम शुन्य समय प्रारम्भ हुन्छ । शुन्य समयमा बोल्न चाहनुहुने माननीय सदस्यहरुलाई एक मिनेटको समय निर्धारण गरेको छु । निर्धारित समयभित्र माननीय सदस्यहरुले आ-आफ्नो राख्नु हुन अनुरोध गर्दछु ।

**माननीय ओमकला गौतम, नवलपरासी**

माननीय सभामुख,

नवलपुर जिल्ला भारतसँग सीमा जोडिएको जिल्ला भएकोले दैनिक सयौं मानिसहरु नवलपुर जिल्ला हुँदै गण्डकी प्रदेशका विभिन्न जिल्ला जाने क्रम रोकिएको छैन । र, नवलपुर जिल्लालाई तत्काल रेडजोन घोषणा गरी त्यहाँ तत्काल औषधी अत्यावश्यक स्वास्थ्य सामग्रीको उपलब्ध गराई त्यहाँ क्वारेन्टाइनको व्यवस्था गरियोस् भन्ने म सम्बन्धित सरकारसँग जोडदार माग गर्न चाहन्छु । र भारतमा अलपत्र परेका नागरिकलाई तत्काल उद्धार गरी व्यवस्थित क्वारेन्टाइनमा राख्न समेत म माननीय सभामुख मार्फत सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । र, जोडदार माग समेत गर्दछु । धन्यवाद ।

**माननीय जूनादेवी नेपाली, पर्वत ।**

माननीय सभामुखज्यू,

पोखरा १६ चण्डिका टोल जुन जातीय छुवाछुत तथा भेदभाव घटना भएको थियो । हिजोको बाँकी भागलाई म जोड्न चाहें । बाटो रोकी जिउँदै जलाउने सम्मका ज्यान मार्ने ती त्रासदीपूर्ण अवस्था सिर्जना भएको छ । शोकमा डुबेको परिवारलाई सहयोग गर्नको विपरीत

असहयोग गरी जातीय भेदभाव तथा छुवाछूत गरेको छ । यो कार्य नेपालको संविधान ऐन, कानुन विपरीत दण्डनीय कार्य हो । सार्वजनिक सम्पत्तिको समान उपभोगको अधिकारमा यो विरुद्धमा छ । र, यो घटना कास्कीको जिल्ला प्रहरी कार्यालय हुँदै जिल्ला अदालतमा अनुसन्धानको क्रममा रहेको छ । र, घटनामा संलग्न दोषीहरुलाई कानुनी कारबाही गर्ने पीडितलाई न्याय दिने जुन अहिले उत्पन्न असामान्य परिस्थिति छ, र त्यसलाई सामान्य अवस्थामा ल्याउन  र शान्तिसुरक्षाको ग्यारेन्टी गर्नको लागि म सभामुखमार्फत प्रदेश सरकारको ध्यानाकर्षण गर्दछु । धन्यवाद ।

**माननीय सदस्य प्रकाशचन्द्र दवाडी, गोरखा ।**

सभामुख महोदय,

मलाई यो कुरा राख्दै जाँदा, मलाई अलि अप्ठ्यारो पनि लागेको छ किनभने गोरखाको कोरोना आइसोलेसन भेन्टिलेटर बनाउने भनेर गण्डकी प्रदेशले आवाज त दिइराखेको छ, तर त्यहाँ के भाको छ, भने सभामुख महोदय, आज ठेक्का घटी घटाउको हुनुपर्ने ठेक्का चाहि बढाउ गरेर त्यल्लाई स्थगित गरिएको छ । सरकारले के हेरेर बसेको छ ? सभामुख महोदय, यो आपतकालमा छिटो म आग्रह गर्छ ।  र, इण्डियाबाट आएका सम्पूर्ण साथीहरुलाई पिसिआर टेस्टको जोडदार माग गर्दछु । धन्यवाद ।

**माननीय सदस्य बिन्दुकुमार थापा, कास्की ।**

सभामुख महोदय,

आज हामी लकडाउनको ६५ औं दिनमा छौं । यो ६५ दिन भित्र सरकारले पहिलो चरणको मात्रै राहत वितरण गरेको छ । अब यो मानिसहरु विशेष गरेर यो दैनिक ज्याला मजदुरी गर्ने मानिसले काम पनि पाएका छैनन् र चाहिँ राहत सामग्रीहरु पनि नपाइरहेको अवस्थामा यो अब चाहिँ कोरोनाले मात्रै हैन, अब चाहिँ भोकले पनि मान्छे मर्ने अवस्था आइसकेको छ । र, यो लकडाउनको अवज्ञा हुने सम्भावना पनि त्यत्तिकै देखिएको छ । त्यसकारण प्रदेश सरकारको म सभामुखमार्फत ध्यान आकृष्ट गर्न चाहन्छु । अविलम्ब दोस्रो चरणको राहत वितरण होस् । धन्यवाद ।

**माननीय सदस्य भगवत्प्रकाश मल्ल, स्याङ्जा ।**

माननीय सभामुख महोदय,

हाम्रो गण्डकी प्रदेश र ५ नम्बर प्रदेशको नाका रामदीमा विभिन्न स्थानबाट आएका कोभिड १९ का मानिसहरु बढने गरेका छन् । त्यसका लागि सम्बन्धित जिल्ला, पालिकामा जाने

क्वारेन्टाइनमा बस्ने सबै पिसिआर टेष्ट गर्न सहजीकरणका लागि सभामुखमार्फत प्रदेश सरकारलाई अनुरोध गर्दछु । धन्यवाद । जय नेपाल ।

माननीय सदस्य मनबहादुर गुरुङ, कास्की ।

माननीय सभामुख महोदय,

गण्डकी प्रदेशको राजधानी पोखरा महानगरपालिकाको वडा नम्बर १२ स्थित अत्यन्तै महत्वपूर्ण स्थल, धार्मिक हिसाबले पनि सांस्कृतिक हिसाबले पनि पर्यटकीय हिसाबले पनि , माटेपानी गुम्बा, २०७२ सालको महाभूकम्पबाट चिरा चिरा परेको छ । अहिले पनि त्यो गुम्बा त्यही हालतमा छ । र, त्यो गुम्बामा जाने मोटरबाटो, त्यो गुम्बाको फेदीमा भएको मोटरबाटो अलपत्र परेको छ । प्रत्येक वर्ष त्यहाँ पहिरो आएको छ । यसकारण सभामुखमार्फत प्रदेश सरकारको ध्यानाकर्षण गर्न चाहन्छु । धन्यवाद ।

माननीय सदस्य मीना गुरुङ, कास्की ।

माननीय सभामुखज्यू,

यतिबेला हामी यो बन्दाबन्दीको यो असाध्यै कठिन परिस्थितिमा छौं र हाम्रा श्रमिकहरुले आफ्नो सुरक्षित रोजगारी पनि नपाइरहेको अवस्था छ । त्यसैले गर्दा म पनि दोस्रो चरणको राहत वितरण गर्नुपर्ने र सुरक्षित रुपमा छिटोभन्दा छिटो व्यवस्था गर्नुपर्नेमा जोड दिन चाहन्छु । त्यसको साथै अहिले जाजरकोटको घटना जति विभेद र अमानवीयताको पराकाष्ठा हो, सत्य तथ्य छिटो पत्ता लगाई ज्यान मार्न सम्ममा व्यक्तिहरुलाई कानुनी दायरामा ल्याई कडाभन्दा कडा कारबाही गर्न जोडदार माग गर्दछु । जातीय विभेद र अमानवीयताको पराकाष्ठामा ध्यान पनि केन्द्रित हुनुपर्छ । यस्ता घटना अरु ठाउँमा पनि घट्न सक्छ । त्यसैले यसलाई छिटोभन्दा छिटो कानुनी कारबाहीको लागि अनुरोध गर्नुपर्छ भन्ने मेरो मान्यता छ । हस् धन्यवाद । माननीय सभामुखज्यू ।

माननीय मेखलाल श्रेष्ठ, स्याङ्जा ।

सभामुख महोदय,

यो कोभिड १९ यसले सिर्जना गरेको असर, अवसर, चुनौती र यसबाट सरकारले सिक्नुपर्ने पाठमा यो जुन पिसिआरको टेष्टलाई तत्काल चाँडोभन्दा चाँडो बिस्तार गरेर व्यापक गरेर सबै समुदायमा पुग्ने गरेर पिसिआरको टेष्टको व्यवस्था होस् । लकडाउनले गर्दा धेरै समुदायहरु अहिले दुःख बेहोरिरहेका छन् । लकडाउनलाई कास्की यसलाई सेफ ल्याण्डिग गर्न सकिन्छ । लकडाउनको एउटा मोडालिटीलाई चेन्ज गरियोस् । र, नेपाली कांग्रेसले आजभन्दा पहिला धेरै यो सरकारलाई यो कोभिड १९ को विषयमा समाधान गर्न र यो

सरकारले चाल्नुपर्ने कदमको विषयमा जुन सुझावहरु दिएको थियो, त्यसलाई सरकारले अझै व्यापक रुपमा कार्यान्वयन गरेको छैन, त्यसलाई कार्यान्वयन गरोस् । यो सरकारले आफ्नो कमी कमजोरीहरुलाई चाँडोभन्दा चाँडो सुधार गरेर कोभिड १९ लाई जित्नको लागि अझै जोडदार रुपमा अग्रसर होस् र यो क्वारेन्टाइन र बाहिरबाट आएका सम्पूर्ण विदेशीबाट नेपाली भित्र र हाम्रो प्रवेश गर्ने सम्पूर्ण पब्लिकहरुलाई पिसिआर गरेर मात्रै चाँडोभन्दा चाँडो घरमा पठाउने व्यवस्था गरोस् । धन्यवाद । जय नेपाल ।

**माननीय सदस्य राजीव पहारी, कास्की ।**

माननीय सभामुख महोदय,

रुकुमको चौरजहारीमा भएको घटनामा नवराज बि.क. लगायतका ३ जनाको हत्या र ३ जना बेपत्ता भएको घटना. घाउ सुक्न नपाउँदो त्यसबाट सिंगो मुलुक स्तब्ध भइरहेको बेला फेरि रुपन्देहीको देवदहमा १३ वर्षीय स्थानीय बालिका अमिरा बासीको बलात्कार गरेर रुखमा झुण्डाएर हत्या हत्या गरिएको घटना सार्वजनिक भएको छ । जुनसुकै नाउँमा हुने जातीय विभेद छुवाछूत घृणित सामाजिक अपराध हो । यसको जति निन्दा र भर्सना गरे पनि कमै हुन्छ । यस्ता दोषीमाथि कडाभन्दा कडा कारबाही गर्न माग गर्दछु । अझ २१ औं शताब्दीमा घट्ने घटना सिंगो मानव सभ्यता र नेपाली समाजको निम्ति कलंक हुन् । अझ मेलमिलापको नाममा ढाकढोप गर्ने र अपराधीहरुलाई प्रोत्साहित गर्ने र यस्ता कामहरुमा जनप्रतिनिधिहरु पनि संलग्न हुने कुराहरु आइरहेको छ, यसप्रति म सभामुखमार्फत सिंगो सरकारको ध्यान आकृष्ट गर्न चाहन्छु । र, यस्तो जातीय विभेद र छुवाछूत जो कोहीले गर्छ उसलाई कडाभन्द कडा कारबाही गर्नको निम्ति सरकारले आवश्यक कदम चालोस् भनेर अनुरोध गर्न चाहन्छु । धन्यवाद ।

माननीय सदस्य सरिता गुरुङ, तनहुँ ।

माननीय सभामुखज्यू,

विश्व अहिले कोभिड १९ ले १९ का महामारीमा परिराखेको अवस्था छ । त्यसमा नेपाल लगायत गण्डकी प्रदेश पनि त्यसबाट अछुतो हुन सकिराखेको छैन । दिनप्रतिदिन भारतबाट नेपाली नागरिक स्वदेश फिर्ता भइराखेको छ, स्थानीय तहलाई क्वारेन्टाइन बनाउनको लागि धौ धौ परिराखेको छ, तैपनि प्रदेश सरकारले यो सबै व्यवस्था भइराखेको यो ठिक छ भन्ने गरिरहँदा खेरी यो जनतालाई एउटा पेनकिलर खुवाएर दुखि राखेको घाउलाई एउटा टाटो बनाएको जस्तो हामीले महसुस गरिराखेको छ, जनतालाई त्यहाँ आवश्यकता भइराखेको छ । नेपालमा अहिले लकडाउन भाको ६५ दिन भइसक्यो । जनता रोगले भन्दा भोकले मर्न

लागिसक्यो । त्यसैले अब जनतालाई छिटोभन्दा छिटो राहतको प्याकेज वितरण गर्न माननीय सभामुखमार्फत् प्रदेश सरकारलाई अनुरोध गर्दछु । धन्यवाद । जय नेपाल ।

माननीय सदस्यहरु शुन्य समयमा बोल्ने माननीय सदस्यहरुको क्रम यही समाप्त हुन्छ । माननीय सदस्यहरु अब विशेष समय प्रारम्भ हुन्छ, निर्धारित समयभित्र माननीय सदस्यहरुले आ आफ्नो स्थानबाट आ आफ्नो भनाइ राख्नु हुन अनुरोध गर्दछु ।

**सर्वप्रथम माननीय सदस्य श्री आशा कोइराला (समय ६ मिनेट) ।**

माननीय सभामुख महोदय,

हामी गण्डकी प्रदेश सभाको छैटौं अधिवेशनमा छौं । यतिबेला विश्व महामारीको रुपमा रहेको कोभिड १९ बाट नेपाल समेत आक्रान्त बनेको छ । यसको प्रकोपबाट जीवन गुमाउने सम्पूर्णमा हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै संक्रमितहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु । जो संक्रमित भएर पनि उपचारपछि निको भइ घर फर्कनु भएको छ, उहाँहरुलाई हार्दिक बधाई दिँदै यस्ता महामारीहरु विभिन्न रुप र प्रकृतिमा हिजो पनि थिए, भोलि पनि हुने छन् । यसर्थ यस्ता प्राकृतिक मानवीय एवं संक्रामक रोगहरुबाट बँच्नको लागि हामी सबैको सचेत प्रयत्न, एकमात्र उपयुक्त विधि भएकोले आम नागरिकहरुमा सचेत र सजग रहन सभामुखज्यूमार्फत हार्दिक आह्वान समेत गर्न चाहन्छु ।

सभामुखज्यू,

विगत २ महिनाभन्दा बढी समय लकडाउन अर्थात् बन्दाबन्दीमा रहेर पनि सीमित स्रोत साधनको बावजुद सरकारले गरेका प्रयत्नहरु सन्तोषजनक छन् । आगामी दिनमा लकडाउनलाई व्यवहारिक बनाउँदै लैजानुपर्ने कुरा कुरामा सरकारको विशेष ध्यान जाने छ भन्ने मैले विश्वास लिएको छु ।

सभामुख महोदय,

लकडाउनको कारण दैनिक ज्यालादारी गर्ने विपन्न वर्गमात्र नभई अन्य वर्ग समेत प्रभावित हुँदै गइरहेको अवस्था छ । यतिबेला श्रममा आधारित राहत कार्यक्रम मात्र उत्तम विकल्प हो । श्रममा आधारित राहत कार्यक्रममा मात्र उत्तम विकल्प हुन सक्ने भएकोले खाली एवं गैरजग्गाको उपयोग गर्न सक्ने नीतिगत व्यवस्था जरुरी देखिन्छ । जसले बेरोजगार, दक्ष अदक्ष सबै खाले जनशक्तिलाई काम दिन एवं कृषिजन्य उत्पादन बढाउन मद्दत पुग्छ । यतिबेला खाद्यान्न र तरकारीको उत्पादनमा प्रेरित गर्दै स्थानीय उत्पादनलाई प्रोत्साहन बजारीकरण र प्रयोगको उपयुक्त विधि अपाउन सके आत्मनिर्भरतातर्फ जान सकिने प्रशस्त

आधारहरु देखिन्छ । यसैले यो चुनौतीलाई अवसरमा बदल्न सरकारले उपयुक्त नीति अवलम्बन गरोस् , सभामुखज्यूमार्फत हार्दिक अनुरोध गर्न चाहन्छु ।

सभामुखज्यू,

अहिले बजारमा भएका तरकारी र फलफूलहरु भारतीय बजारबाट आएका र यसबाट संक्रमणको जोखिम बढने कुराले जनता त्रसित बनेको अवस्था छ । यसकारण गण्डकी प्रदेशका मुख्य नाकाहरु मुगलिग र रामदीमा विशेष कडाइ गरी फलफूल तरकारीको आयातमा पूर्णत रोक लगाउन विशेष आग्रह गर्दछु । साथै किसानहरुले गाउँमा उत्पादन गरेका बस्तुले बजार नपाउने र उपभोक्ता उपभोग गर्न नपाउने अन्तरविरोधलाई हल गर्न तत्काल राज्यको तर्फबाट समन्वय गरी सर्वसुलभ बजारको व्यवस्था गर्न सभामुखज्यू मार्फत प्रदेश सरकारको ध्यानाकर्षण गराउन चाहन्छु ।

सभामुख महोदय,

लकडाउनको कारण अधिकांश विकास आयोजनाहरु प्रभावित भएको कुरा हामी सबैलाई विदितै छ । यस्ता प्रभावित आयोजनाहरु सम्पन्न गर्न आवश्यक समयावधिको बारेमा समेत प्रदेश सरकारको ध्यान जानेछ भन्ने मैले महसुस गरेको छु ।

सभामुख महोदय,

सयौं वर्षदेखि नेपाली जनताले साँचेको नेपालको भूमि फिर्ता लिने र स्वाभिमानी राष्ट बनाउने संकल्प साकार पार्न नेपाल सरकारले चालेको कदमको म मुक्तकण्ठले स्वागत गर्न चाहन्छु । भारतद्वारा अतिक्रमित कालापानी, लिपुलेक, लिम्पियाधुरा लगायतका भूभागहरु हाम्रो हो भन्नु अतिक्रमित भूमि समेटेर नक्सा सार्वजनिक गर्नु, साथै नेपालको संविधानको अनुसूचीमा रहेको निशान .. अंकित नेपालको नक्सालाई वास्तविक सिमा अनुरुप मिलाउन संविधान संशोधनको प्रस्ताव ल्याउनु आफैंमा प्रशंसनीय कार्य हो । यसकारण त्यो ऐतिहासिक कार्यको नेतृत्व गर्नुहुने सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओली र नेपाल सरकार साथै यो महान कार्यको लागि प्रेरित गर्ने नेपाल कम्युनिष्ट पार्टी (नेकपा) प्रति म हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । यस युगान्तकारी कदमबाट पैदा भएको अभूतपूर्व राष्टिय एकतालाई अक्षुण्ण राख्न यसबाट सिर्जना हुन सक्ने सम्भावित चुनौतीको समेत सामना गर्न नेपाल सक्षम हुने विश्वास गर्दै चालु छैटौं अधिवेशनको पूर्ण सफलताको कामना गर्दछु । धन्यवाद ।

**माननीय सदस्य श्री मनकुमारी गुरुङ (समय ५ मिनेट)**

माननीय सभामुख महोदयज्यू,

सर्वप्रथम त म यो कोभिड १९ बाट संक्रमित भएका देश तथा विदेशमा रहनुभएका सम्पूर्ण संक्रमितहरुको स्वास्थ्य लाभको कामना गर्दछु र मृतकप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै उहाँको परिवारजनप्रति पनि समवेदना पनि प्रकट गर्न चाहन्छु ।

सभामुख महोदय,

गोरखा जिल्लाको सबै स्थानीय तहमा भारतबाट मान्छेहरुको चाप अत्यधिक बढेको छ । त्यसैले आरडिटी गर्न किट  नै छैन । त्यसैले छिटो उपलब्ध गराइयोस् कि जिल्लाको बोर्डरमा नै पिसिआरको व्यवस्था गरियोस् । गोरखा जिल्लामा पि.सि.आर.को लागि भिडिएमको अभाव भएको छ । प्रदेश सरकारले छिटोभन्दा छिटो भि.टि.एम. उपलब्ध गराइयोस् । प्रदेश सरकारले स्थानीय तहमा सुविधासम्पन्न मास क्वारेन्टाइन निर्माण गरियोस् । गण्डकी प्रदेश सरकारले क्वारेन्टाइनमा बसेका व्यक्तिको लागि भनेर ५ सय १० दिने भनेर निर्णय गरिएको थियो । त्यो निर्णय कागजमा मात्र सिमिति हुने कि छिटो पठाउने हो, मुख्यमन्त्रीज्यूलाई म प्रश्न गर्न चाहन्छु । यसरी जनतालाई झुक्याउने काम नगरियोस् । मुख्यमन्त्रीज्यू यो रकम छिटो पठाइयोस् ।

गोरखा जिल्लाको अस्पताल भत्काएर नयाँ बनाउँदैछ, त्यहाँ चार/पाँच जना बिरामीमात्र राख्न मिल्छ । त्यसैले थप आइसोलेसन बार्ड तत्काल निर्माण गरियोस् ।

सभामुख महोदय,

गण्डकी प्रदेश सरकारले गण्डकी प्रदेश भित्रका सबै जिल्ला अस्पतालहरुमा गाडी दिने भनेको निर्णय एकदम गलत छ । कामकुरा एकातिर, कुम्लो बोकी ठिमी तिर भने जस्तै भाको छ । अहिलेको अवस्था भनेको प्रत्येक हस्पिटलमा ल्याब टेस्ट गर्ने क्षमता बढाउनुपर्ने । अरु औजारहरु उपकरण थप पर्ने स्वास्थ्य जनशक्ति थप गर्नुपर्ने । आइसोलेसन बार्ड थप गर्नुपर्ने सट्टामा गाडी ? मुख्यमन्त्रीज्यूलाई यसमा मेरो प्रश्न छ । स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, संचारकर्मी, राष्टसेवक कर्मचारीको बिमा गरि तत्काल पिसिआर टेष्ट गर्ने कार्यक्रम अगाडि बढाइयोस् । एघार गतेको बैठकमा मुख्यमन्त्रीज्यूले सम्बोधनको क्रममा गण्डकी प्रदेश ग्रिन जोन हो भनेर र यो प्रदेश सुरक्षित छ भन्नु भाको थियो, दुई तीन दिनमै बागलुग र स्याङ्जामा थपियो । दिन दुई गुना, रात चौगुना हुँदै जाने छ । यो गम्भीर विषय हो । त्यसैले नाका नाकामा र प्रदेशद्धारमा खटिएका सुरक्षाकर्मी र निरन्तर रुपमा जनसेवामा खटिएका स्थानीय जनप्रतिनिधिको तत्काल पिसिआर टेष्ट परीक्षण कार्यक्रम अगाडि बढाइयोस् ।

सभामुख महोदय,

स्वास्थ्यकर्मीहरु संक्रमित भइ अस्पताल सिल र आइसोलेसनमा बसेको समाचार दिनप्रतिदिन बढ्दै छ । यो समस्या गण्डकी प्रदेशमा प्रर्दैन भन्न सकिदैन । त्यसैले सबै स्वास्थ्यकर्मी अस्पतालको बेडमा भएमा उपचार कसले गर्ने ? स्वास्थ्यकर्मीको सुरक्षाको माग जोडदार राख्न चाहन्छु । स्वास्थ्यकर्मी र घरबेटीले घर भाडामा नदिने समस्या पनि उत्तिकै छ । यस्तो व्यवहार मनोबल गिरेको अवस्था छ । त्यसैले सरकारले स्वास्थ्यकर्मीको बासको व्यवस्था गरियोस् । अब लकडाउनले जनताको जनता आत्तिइसकेका छन्, अब यो लकडाउन तोड्न जनता बाध्य हुनेछन् । त्यसैले प्रत्येक स्थानीय तहमा खाद्यान्न स्टोर गरियोस् । कृषिलाई प्राथमिकता दिइने नारा धेरै सुनियो सरकार, अब यो कागजमा सीमित नाराले प्रदेश अगाडि बढ्न सक्दैन सरकार । अब गाउँ गाउँमा कृषि विशेषज्ञ लगेर आधुनिक खेती गर्ने कार्यक्रम छिटो अगाडि बढाइयोस् । यसभन्दा अगाडि लोन प्रभावकारी भएन । कृषि ऋण लिएर जनता घर बनाउँथे । छोराछोरी विदेश पठाउँथे । वास्तविक खेती किसानमा लगानी हुने थिएन । त्यो किनभने  जनताले खेती किसान गरेर त्यो व्यावसायिक रुपमा खेती किसान गर्दा खेरी बजारको अभाव थियो । यसपालिको लकडाउनले देखियो कि यो नेपालमा सबै भारतबाट आउने र नेपाली कृषकहरुको ले थोरै थोरै मात्रामा उत्पादन गरेको कुहिएको अवस्थामा भयो । त्यसैले यो समस्या नहोस्, अब देशमा यो सरकारलाई म मुख्यमन्त्रीज्यूलाई भन भन्छु कि तपाईंलाई रेमिट्यान्स तिर्ने जनता अब विदेशबाट आउँदैछन्, हात मुख पेटमात्र लिएर, त्यसैले उनीहरुको चाहिँ रोजगारीको ग्यारेन्टी गरियोस् । अब कागजमा मात्र सीमित नहोस् । यो रोजगारीको ग्यारेन्टी धेरै कुरा सुनियो । ल धन्यवाद ।

**माननीय सदस्य श्री पियारी थापा (समय ५ मिनेट)**

माननीय सभामुख महोदय,

रुकुम पश्चिमको चौरजहारीमा भएको जुन अमानवीय र पासविक हत्याकाण्ड आज जुन समाजको लागि अत्यन्तै लज्जास्पद र घृणित कार्य भएको छ । अन्तरजातीय विवाहलाई कानुनी रुपले वैधानिकता प्रदान गरेको अवस्थामा यस यस्तो प्रकारको जातीय रुपमा जातीय आडमा उत्दण्डता मच्चाउने क्रियाकलापको जति कडा शब्दमा भर्त्सना गर्दा पनि कम हुन्छ । यस्तो प्रकारको घृणित र दण्डनीय कुविचारको आडमा जुन घटना घटेको छ, उक्त विषय बिना कुनै राजनीतिकरण यसको सत्य तथ्य बाहिर ल्याई दोषी उपर कडा कारबाही होस् भनी प्रदेश सरकार मार्फत् केन्द्र सरकारको ध्यान आकृष्ट गराउन चाहन्छु ।

सभामुख महोदय,

देशको स्वाधीनता राष्ट्रिय अखण्डता साथै सिमा क्षेत्रका जनताको जनधनको सुरक्षा, आजको अत्यन्तै संवेदनशील र गर्नैपर्ने कार्यहरु हुन् । सीमा क्षेत्रमा बस्ने प्रत्येक नेपालीको सुरक्षाका निमित्त सरकारले गम्भीर रुपमा लाग्नुपर्ने अवस्था छ । यस्तै अवस्थामा भारतको हेपाहा र मिचाहा प्रवृत्ति हामी नेपाल र नेपालीको लागि सधैँभरि चहर्‍याइरहेका घाउ जस्तै भइरहेको छ । मित्रराष्ट्रको नाउँमा हाम्रो सिमा पटक पटक मिचिदा हामी टुलुटुलु हेरेर बस्न सक्ने अवस्था छैन । यसको लागि सशक्त कदम उठाउन जरुरी छ । अब वर्षा लाग्दैछ । भारत एकतर्फी रुपमा नेपालको रौतहट जिल्लाको इशनाथ नगरपालिका लगायत नेपालको सिमाको दशगजा क्षेत्रमा विभिन्न बौधहरुलाई उचाइ थप्ने कार्यलाई तीव्रता दिएको छ । साथै नेपालको स्थानीय प्रशासन र भारतको स्थानीय प्रशासन बीच भएको बाँधमा कुनै गतिविधि नगर्ने भन्ने सहमतिको पटक पटक उल्लंघन गरी एकतर्फी गरी बाँधको उचाइ थप्ने कार्य गरेको छ । उक्त कार्यले नेपालको उक्त क्षेत्रको बस्ती डुबानको उच्च जोखिममा रहेको छ । त्यसकारण प्रदेश सरकारमार्फत संघ सरकारको सो क्षेत्रको समस्याप्रति गम्भीर बनी यथाशीघ्र समस्या समाधानका निमित्त पहलकदमी लिन र उक्त कार्य तत्काल रोक्नका लागि जोडदार माग गर्न गर्दछु ।

सभामुख महोदय,

मलाई बडो दुख्खका साथ भन्नुपर्ने एउटा भन्नुपर्ने अवस्था रहेको छ, यत्रतत्र सर्वत्र नेपालको यो कोरोना सम्बन्धी एउटा आई क्यान बन्न थालेको छ । कि मान्छे मरेपछि कोरोना टेष्ट हुने देश कुन हो ? भन्दा नेपाल । यसरी योभन्दा खेरी मलाई अत्यन्तै दुःख लागिरहेको छ । सभामुख महोदय, कोभिड १९ महामारीले सबैलाई आक्रान्त बनाइरहेको छ । नेपालमा पनि यसको प्रभाव बिस्तारै फैलिदै गइरहेको छ । आजसम्म ४ जनाले यसबाट ज्यान गुमाउनुपरेको तितो यथार्थ हामीसामु छ । कसैको मृत्यु पछि कोरोना परीक्षण भएको, कसैको मृत्यु संस्कार गरिसके धेरै दिनपछि कोरोनाको पोजेटिभ रिपोर्ट आएको छ । जुन क्रियाकलापले संक्रमणको जोखिम उच्च बनाएको छ । व्यवस्थित क्वारेन्टाइनको अभावमा कोरोनाभन्दा पनि अन्य रोगबाट पनि मानिसहरुले ज्यान गुमाउनुपर्ने अवस्था आएको छ । तसर्थ प्रदेश सरकारलाई यस गतिविधिहरु नदोहोरियोस् र हामीकहाँ अझै पनि समय छ, कि यसको लागि पूर्व तयारी गरी संक्रमणको जोखिम घटाउने सक्ने कार्यको लागि यथाशीघ्र उक्त कार्यमा लाग्न र पिसिआर टेष्टको कार्य क्यापासिटी बढाउनको लागि जोडदार अपिल गर्न चाहन्छु । साथै कोरोनासम्बन्धी सूचना सम्प्रेषणको प्रणालीमा कमजोरीको कारण पनि कोरोनाले भयावह लिने अवस्था आएको छ । रिपोर्ट जतिसक्दो चाँडो दिने प्रबन्ध मिलाउनुपर्छ, यसले कोरोनाको रिपोर्ट पोजेटिभ आएका व्यक्तिहरुलाई चाँडोभन्दा चाँडो सुरक्षित रुपले व्यवस्थान गरी सामाजिक दुरी कायम गर्न र समाजमा यसको संक्रमण दर

फैलिन नदिनका निमित्त टेवा पुग्नेछ । तसर्थ कोरोना सूचना संम्प्रेषण प्रणालीमा भएको ढिलासुस्ती रोकी यथाशीघ्र चाँडो सूचना प्रवाह गर्ने प्रबन्ध मिलाउन प्रदेश सरकारको ध्यान आकृष्ट गराउन चाहन्छु । धन्यवाद ।

**माननीय सदस्य श्री हरिशरण आचार्य (समय ५ मिनेट)**

माननीय सभामुखज्यू,

रुकुम पश्चिमको चौरजहारी नगरपालिका वडा नम्बर ८ सोती निवासी सुष्मा मल्ल र भेरी नगरपालिका-४, जाजरकोट रानागाउँ निवासी नवराज बिक बीचमा करिब ३ वर्ष अघिदेखि चोखो प्रेम बसेको हुन्छ, उक्त चोखो प्रेमलाई केही आफूलाई हिन्दु धर्म शास्त्रअनुसार मुखबाट जन्मिएको वा कोखबाट जन्मिएको वा जाँघबाट जन्मिएको भनेर मान्ने कथित उपल्लो जातका भनिनेहरुले अस्वीकार गर्छन् । अनि उमेर नपुगेको बहाना बनाएर चौरजहारी ८ का वडाध्यक्ष सहित मल्ल परिवारले विवाहलाई बर्जित गर्छन् अनि उनीहरुको प्रेम झाँगिदै गएको हुन्छ । २०७७ जेठ १० गते मलाई अर्को केटासँग विवाह गर्न लागे त्यसैले मलाई लिन छिटो आउ भन्ने सुष्मा मल्लको अनुरोधलाई मान्दै नवराज बिक आफ्ना साथीहरु सहित मल्लको घरमा पुग्छन् । अनि मल्लको आमाले हारगुहार गर्दै गाउँलेहरुलाई बोलाउन थाल्छिन् अनि केही समयमै करिब ३ सय गाउँलेहरु जम्मा हुन्छन् त्यही जमात्मा चौरजहारी ८ का वडाध्यक्ष पनि देखिन्छन् अनि सबैले लाठी खुँडा खुकुरी ढुंगा बोकेर बिक सहितलाई लखेट्छन्, नवराज बिकलाई नियन्त्रणमा लिएर खुँडा लादिनेले हिर्काइ बर्बर ढंगले हत्या गर्छछन् । त्यसैगरी अरु २ जनाको पनि हत्या गरिन्छ । अझै पनि ३ जना बेपत्ता छन् । यस्तो बर्बर हत्याकाण्डमा संलग्न वडाध्यक्ष निर्दोष छन् भनेर एक जना संघको तल्लो सदनमा कुर्लिदै बोल्छन् । ए महाशय, त्यो संविधान तपाईले बनाउनुभएको होइन, आफैले बनाएको संविधान आफैले उपहास गर्नु हुन्छ आजको सामाजिक विभेदको एउटा नमुना घटना होला तर हामीलाई चिन्ता के हो भने आफैले संविधान बनाएर आफैले उल्लंघन गर्ने महाशयहरु तपाई वर्ग संघर्षबाट खारिएर आएको कम्युनिष्ट व्यक्तित्व हो । तपाईलाई लाज लाग्नुपर्ने हो । के न्याय कानुनले सामाजिक हैशियत हेर्छ ? त कसरी कस्को कोखबाट जन्मिएको होस् भनेर विभेद गर्छ ? यदि गर्छ भने याद गर्नोस् महाशय तपाईले बनाएको संविधानको विरुद्धमा पनि  एक पटक फेरि अर्को विद्रोह नहोला भन्न सकिन्न । त्यसैले उक्त घटनाको दोषीलाई बिना छलकपट कारबाही गरी यो देशमा सामाजिक विभेदमा परेका सम्पूर्ण समुदायलाई न्याय दिन माननीय सभामुख मार्फत संघ सरकारसँग विशेष अनुरोध गर्न चाहन्छु ।

कोरोना कहरमा पोखरा १६, बाटुलेचौरका मोहन सुनारको परिवारमा अर्को पीडा थपियो । भाइ समर बहादुर सुनारको निधन भयो । अनि यता समरबहादुरको कान्छा छोरा मनोजले

बाटुलेचौर गैह्राखोरमा रहेको सार्वजनिक क्रियापुत्री भवनमा क्रिया बस्ने निधो गरे । अनि मोहन सुनारले २०७६ साल चैत्र २६ गते भवन निर्माण समितिका अध्यक्ष राम जिसीसँग चाबी मागे । जिसीले स्थानीय भरत थापाको घरमा चाबी रहेको बताए । थापाले जिसीको अनुमति बिना चाबी नदिने जवाफ फर्काए । भोलि पल्ट क्षेत्री समुदायका मानिस जम्मा भए । दलित दलितलाई भवन उपलब्ध गराउन नसक्ने जनाए । स्मरण रहोस् उक्त भवनमा राज्यकोषको बजेट १० लाख लगानी भएको छ र त्यो भवन व्यक्ति वा समुदायको होइन भन्ने कुरा यसले पुष्टी गर्दछ । यो सामाजिक विभेद हो । या रमाइलो ? गण्डकी प्रदेशको मुटुमा घटेको यो घटनालाई छुवाछूत विरुद्धको अपराध मानेर उक्त भवन कथित दलित भएकै आधारमा प्रयोग गर्न नदिने उपर मोहन सुनारले उजुरी दिन्छन् । उक्त समाचार मिडियामा आएपछि २०७७ वैशाख १४ गते देवबहादुर र जनकले मोहनलाई धम्क्याए । स्वास्थ्यकर्मी समेत रहेका मोहनले त्यही दिन वडा प्रहरी कार्यालय बगरमा ज्यान सुरक्षाको माग गर्दै निवेदन दिए तर गाली गलौज गरी धम्की अझै नरोकिएपछि वैशाख १९ मा जिप्रका कास्कीमा उजुरी दिएछन् । अनि प्रहरीले मुख्य दोषी रामबहादुर जिसी र जनक थापालाई गिरफ्तार गर्छ । हाम्रै गण्डकी प्रदेशका एक जना माननीय सामाजिक विभेद र जातीय छुवाछूतको अपराधमा संलग्नलाई बिना शर्त रिहाइ गर्न पर्छ भनेर वक्तव्य जारी गर्नुहुन्छ । अनि हामी के भनौ उहाँलाई कि एउटा दलको जिल्लाको नेतृत्वको हैशियतले निकालेको वक्तव्य हामी उक्त दललाई के भनौं ? अवश्य पनि जनताबाट पराजित हुनु हुनेछ । कानुन बमोजिम त्यसैले दोषीलाई कानुन बमोजिम कारबाही अगाडि बढाउन माननीय सभामुख मार्फत प्रदेश सरकारको ध्यान आकर्षण गराउन चाहन्छु । धन्यवाद ।

**माननीय सदस्य श्री चन्द्रमोहन गौचन (समय ५ मिनेट)**

माननीय सभामुख महोदय,

आज हामी यस सम्मानित सभामा उपस्थित भई गरिमामय प्रदेश सभा बैठकमा उपस्थित भएका छौं ।

सभामुख महोदय,

आज हामी कोभिड १९ कोरोना भाइरसले विश्व महामारीको सन्त्रासबाट जगडी जगडिएका छौं । यसको कोभिड उन्नाइसको भयावहबाट करिब ५ महिनाको अवधिमा नेपाल लगायत विश्वका देशहरुमा मृत्यु वरण हुने सबैमा हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । साथै संक्रमित बिरामी हुनुभएका सबैमा स्वास्थ्य लाभको कामना गर्दछु । र, यस महामारीलाई व्यवस्थित र नियन्त्रण गर्नुको लागि दिनरात नभनीकन खट्नु हुने स्वास्थ्यकर्मी, सुरक्षा निकाय लगायत तिनै तहका सरकारलाई हार्दिक नमन गर्न चाहन्छु ।

सभामुख महोदय,

पर्यटकीय गन्तव्यको विविधिकरण गर्दै नयाँ पर्यटकीय स्थलको चिनारी सरकारले गर्दै भ्रमण वर्ष २०२० मा नयाँ पर्यटकीय गन्तव्यमा बाह्य पर्यटकलाई चिनारी दिँदै पर्यटन उद्योगलाई देशको समृद्धिको यात्रा तय गर्ने सरकारको उद्देश्य अनुरुप पर्यटकीय पूर्वाधारको विकासबाट रोजगारीको सिर्जना, गरिबी न्यूनीकरण, राष्ट्रिय अर्थतन्त्रको विकास, जीवन स्तरमा सुधार, देशको आवश्यकता  हो । तर विगतलाई हेर्ने हो भने राजनीतिक संक्रमणले गर्दा लामो समयसम्म पर्यटन क्षेत्रको विकासले गति लिन नसकेको तपाई हामलाई जगजाहेरै छ । त्यसबेला पर्यटन पूर्वाधार विकास तिर खासै चासो राखिएको देखिएन । त्यसैबेला २०७२ को विनासकारी भूकम्पले पर्यटन क्षेत्रलाई निकै ठूलो असर पारेको थियो भने अहिले कोभिड १९ ले झनै पर्यटन उद्योगमा सबभन्दा बढी असर परेको देखिन्छ ।

सभामुख महोदय,

देशको आर्थिक समृद्धिका लागि पर्यटन विकासको पनि एक आधार हो । यसका लागि पर्यटन क्षेत्रको विकासमार्फत आर्थिक वृद्धि र रोजगारीको अवसर सिर्जना गर्ने लक्ष्य पनि हो । त्यसलाई आकर्षण तथा सुरक्षित गन्तव्यको रुपमा विकास गर्दै पर्यटकको आगमनलाई वृद्धि गर्दै जनताको आयस्तरमा बढोत्तरी गर्ने लक्ष्य सरकारको भएता पनि कोभिड १९ को कारण यी सम्पूर्ण सोचहरु निस्क्रिय भएका छन् ।

सभामुख महोदय,

मित्र राष्ट चीनको हुअवे प्रान्त सहरबाट फैलिएको नोवल कोरोना भाइरस विश्वको अधिकांश देश भयावहको सबैभन्दा बढी जनसंख्या भएको चीनले यो महामारीसँग सामना गर्नुपरेपछि हाम्रो मुलुकको पर्यटन क्षेत्रमा ठूलो असर परेको छ । यो महामारीले पर्यटन उद्योग लगायतका व्यवसायहरुलाई दुःखमा डुबाएको छ र बाह्य पर्यटकहरुको भरमा चलेका पोखरा लगायतका होटलहरु कोभिड १९ र लकडाउनका कारण अस्तव्यस्त भएका छन् ।

माननीय सभामुख महोदय,

महोदय, सभामुखमार्फत प्रदेश सरकारको ध्यान आकर्षण गर्न चाहन्छु । छिटोभन्दा छिटो पर्यटन उद्योग व्यवसायहरुलाई धरायशी हुनबाट बचाउनको लागि राहतको प्याकेट घोषणा गरियोस् । धन्यवाद ।

माननीय सदस्य श्री डोबाटे विश्वकर्मा (समय ७ मिनेट)

माननीय सभामुख ज्यू महोदय,

आज यस गरिमामय सदनमा उभिएर बोल्दा म नस्तमस्त भएको छु । निश्चय पनि अहिलेको जल्दाबल्दा घटनाले सिंगो नेपाली समाजलाई नै शिर निहुर्‍याउने अवस्था रहेको छ भने नेपालमा रहेका ६० लाख दलितहरुप्रति आत्मा चोट पुगेको अनुभूति भएको छ ।

माननीय सभामुखज्यू,

युगौदेखि दलित समुदायहरु उत्पीडन र दमन र अन्याय र अत्याचारमा परेपछि पटक पटकका परिवर्तनका आन्दोलनमा दतिलहरुले पनि आफ्नो सहभागिता र बलिदान र रगत बगाएर हजारौं हजार दलितहरुले रगत बगाएर आज हामीले यो सदनमा उपस्थित हुने सम्पूर्ण महानुभावले अवसर पायौं । हामीले यो व्यवस्था ल्यायौं र ऐन कानुन, संविधानमा व्यवस्था गरेर छुवाछूतको अन्त्य भयो भन्ने घोषणा समेत गरिरहेको सन्दर्भमा माननीय सभामुखज्यू पोखरा नगरपालिकाको बाटुलेचौरको घटनाको सम्बन्धमा म केही कुराहरु राख्न यहाँ निवेदन गर्न चाहन्छु ।

२०७६ साल चैत २३ गते जसरी मोहन सुनारको भाइ शमशेर बहादुर सुनारको दुवईमा मृत्यु भइसकेपछि काजक्रियाको निम्ति त्यसै स्थानमा रहेको सामुदायिक भवनमा काजक्रियाको लागि त्यहाँका समुदायहरुसँग क्षेत्री समुदायसँग चाबी मागेर काजक्रिया सम्पन्न गर्नका लागि अनुरोध गर्दा त्यस घटनालाई लिएर आज दलित समुदायको मान्छेले पनि हाम्रो हामीले निर्माण गरेको भवन माग्ने तँ को होस् ? भनेर आज उनलाई धम्की धाकधम्की र ज्यान लिने सम्मको धम्की दिएर त्यहाँका समुदायले उनलाई जातीय विभेद र सुरक्षाको अनुभूति नहुने गरी वातावरण सिर्जना गरिएको घटनाले स्तब्ध बनाएको छ

सभामुख महोदय,

त्यसैगरी जबसम्म त्यो घटनामा रामबहादुर जिसी, देवबहादुर थापा र जनक थापाले त्यो क्रियाकलाप गरिसकेपछि पीडित पक्षका मोहन  सुनारले जिल्ला प्रहरी कार्यालय कास्कीमा निवेदन दिइसकेपछि उहाँहरुलाई हिरासतमा राखेर जिल्ला अदालत कास्कीले एक लाख ७० हजार रुपैयाँ जनही धरौटी राखेर उहाँहरुलाई रिहाइ गरेको अवस्था छ । त्यो सन्दर्भमा म धेरै बोल्न चाहन्न । अदालतमा विचाराधीन रहेको र निश्चय पनि अदालतले सो मुद्दालाई पीडितलाई न्याय दिलाउने छ भन्ने मैले विश्वास लिएको छु र सम्मानित अदालतलाई म धन्यवाद पनि दिन चाहन्छु ।

माननीय सभामुखज्यू,

यस घटनालाई ढाकछोप गर्नको निम्ति र त्यो घटनालाई ढाकछोप गरी त्यो घटना कुनै पनि सत्य तथ्य छैन भनी कन त्यो घटना तिललाई पहाड गर्न खोज्यो भन्ने सन्दर्भ उठ्यो ।

सभामुख महोदय,

यसै सन्दर्भमा नेपाल कम्युनिष्ट पार्टी कास्कीका सभापति श्रद्धेय नेता कृष्ण बहादुर थापा यस प्रदेशका माननीय सदस्यज्यूले त्यस घटनालाई बडो ढाकछोप र अतिरञ्जित गर्ने वातावरण सिर्जना गर्नुभएको छ । र उहाँले विज्ञप्ति समेत जारी गर्दै मिडियामा समेत यो कुरालाई ढाकछोप गर्ने वातावरण सिर्जना गर्नुभएको छ । यस सन्दर्भमा मैले उहाँलाई अनुरोध गरें, माननीयज्यू, तपाई जस्तो माननीय भएको ठाउँमा विशिष्ट व्यक्ति भएको ठाउँमा यो घटना के भन्दा उहाँले तिललाई पहाड गर्न खोजियो भन्ने कुराहरु पनि राख्नु भयो र यो घटनालाई जबसम्म कास्की प्रहरी कार्यालयमा उहाँहरुले हिरासतमा लिइसकेपछि सम्पूर्ण गाउँलेले प्रहरी कार्यालय प्रशासनलाई नै दबाबमा पारी सिर्जना समेत निर्वाह गरिएको छ , सभामुख महोदय ।

त्यसै सन्दर्भलाई लिएर कास्की संघर्ष समितिले त्यो घटनालाई सहन नसकीकन अन्याय र अत्याचारको विरुद्धमा लड्नको निम्ति न्याय दिलाउनको लागि निम्ति यस कास्की संघर्ष समिति दलित संघर्ष समितिले यस गण्डकी प्रदेश समितिको सचिवालयमा उहाँको निम्ति कारबाहीको निम्ति निवेदन दर्ता गरेको हुँदा अविलम्ब त्यो त्यो मुद्दालाई छानबिन गर्नको लागि उच्च स्तरीय यस गण्डकी प्रदेशमा समिति गठन गरी छानबिन गरी आवश्यक कारबाहीको लागि म जोडदार माग माग गर्दछु ।

सभामुख महोदय,

त्यसैगरी आज भन्न पनि कहालीलाग्दो डरलाग्दो घटना २०७७ २। १० गते पश्चिम रुकुमको जुन घटना छ, माननीय सभा सदस्यज्यहरुले उठाउनुभएको छ, त्यसको निम्ति माननीय सदस्यहरुलाई म धन्यवाद दिन चाहन्छु । जसरी आज गैरदलित र दलित बीचमा प्रेम सम्बन्ध भए पछि पुरुषले गैरदलितसँग प्रेम गरेपछि मोर्न पर्ने, महिला दलितले गैर दलितसँग प्रेम गरेपछि मोर्न पर्ने र मारिनुपर्ने अवस्था आज सिंगो दलित समुदाय असुरक्षित भएको छ, सभामुख महोदय ।

त्यसले गर्दा आज रुकुम जिल्लामा जसरी घटना घटेर आज ६ जना होनहार युवाहरुलाई मारेर भेरी नदीमा फालिएको छ र आज ४ दिनसम्म पनि उनीहरुको दाहसंस्कार हुन नसक्ने अवस्था छ । आज केन्द्रीय सांसदमा बस्ने माननीयहरुले त्यो घटनालाई दबाउन खोजिएको छ । त्यसकारणले गर्दा ती सहिदहरुलाई न्याय दिलाउन र ती परिवारलाई राहत क्षतिपूर्तिको व्यवस्था गरी जुन डम्बरबहादुर मल्लले जुन जनप्रतिनिधि, वडाध्यक्ष हुनुहुन्छ, उहाँको नेतृत्वमा जसरी त्यहाँ दमन गरिएको छ र उहाँहरुको परिवारलाई धम्क्याउने समेत काम भएको र यस घटनालाई ढाकछोप गर्न खोजिएको छ । त्यसको निम्ति प्रदेश सरकार र

केन्द्रीय सरकारले त्यसको घोर भर्त्सना गर्दै परिवारलाई क्षतिपूर्ति र दोषीहरुलाई कडभन्दा कडाइको कारबाहीको माग गर्दै आफ्नो भनाइ यही अन्त्य गर्छु । धन्यवाद । जय नेपाल ।

माननीय सदस्य श्री विनोद केसी (समय ५ मिनेट)

सभामुख महोदय,

धेरै कुराहरु अहिलेको परिस्थितिमा हामी धेरै कुराहरु छन्, तथापि हामी प्रमुख कुरामै हामी सबैको ध्यान केन्द्रित अहिले कोभिड १९ तिर  छ । र, मैले पनि यसै कुराहरुलाई लिएर केही सरकारको ध्यानाकर्षण गराउन चाहन्छु ।

विशेषत गरी यो कोभिड १९ को जुन रोगले आज विश्व नै आक्रान्त बनेको छ र विश्वभरि लाखौं जनताले यसमा आफूलाई जीवन अर्पण गरिसक्नुको छ , सम्पूर्णमा म हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । र, जो रोगबाट पीडित अवस्थामा रहनुहुन्छ, देश विदेशमा सम्पूर्णप्रति म शीघ्र स्वास्थ्य लाभको कामना गर्दै यो कोभिड १९ सँग लड्ने हाम्रो नेपालका तिनै तहका सरकार, सुरक्षा निकाय, स्वास्थ्यका डाक्टरसापहरु, पत्रकार सम्पूर्णलाई म हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु र हाम्रो गण्डकी प्रदेशमा विशेषत: हामी अहिले तक हामी ग्रिन जोनको रुपमा उपस्थित हुँदाहुँदै पनि अब रातो बत्ती बल्ने संकेतमा चाहिँ छौं । मलाई लाग्छ, हामीसँग हिजोमात्रको रेकर्ड अनुसार स्याङ्जामा २ जना र आजमात्रै हाम्रो गण्डकी प्रदेशको बागलुगमा ६ जनालाई गरी एउटा चाहिँ यसको चाहिँ रोग देखिइसकेको छ र धेरै मान्छेहरु इण्डियाबाट भारतबाट प्रवेश गरेर आएको र अहिले हाम्रा मलाई लाग्छ हाम्रा सम्पूर्ण ामी माननीयका मोबाइलका घण्टीहरु बजिराखेका छन् र धेरै जनताहरु बिचल्ली क्रममा छन् । र यो बेलामा विशेषत गरी म प्रदेश सरकारलाई हार्दिक अनुरोध गर्न चाहन्छु । विशेषत मैले केही एउटा सानो कथा आद आयो । कालु र बाघ भन्ने मैले सानोको एउटा ५ क्लासमा कथा पढेको थिएँ ।

जब एउटा कालु एक जना थिए । उनी दिउँसभरी बसेर बाघ आयो, बाघ आयो भन्दा गाउँलेहरु सबै उठेर त्यो बाघ लखेट्ने भनेर गाउँले तत्र भएर आउँदा बाघ आएको हुन्थेन । र, फेरि फर्किन जान्थे । त्यसो गर्दै गर्दै एक दिन साँच्चैको बाघ आउने बेलामा उनले बाघ आयो, बाघ आयो भन्दा सबै नआउँदा उनको मृत्युवरण भएको जुन कथा पढेको थिएँ । म त्यही कथा कही कतै याद आएको रैछ । यतिबेला हामी कोभिड १९ भनेर हामी धेरै सजग भयौं । स्थानीय तह, प्रदेश तह, केन्द्रीय तह धेरै नै मेहनत गर्‍यौं । अहिले धेरै काम गर्‍यौं । तर वास्तविक रोग हामीसँग छिरिसकेको अवस्था थिएन । आज जुन रोग अगाडि दर्दनाक रुपमा बढ्ने क्रममा कही कतै चुक्ने कही कतै हामी यस्तै हो कि भन्ने अवस्था भएर भोलि हामी त्यो अवस्थामा पुगिन्न भन्ने मलाई एउटा सरकारले सोच्नुपर्ने र हामी सबैले सोच्नुपर्ने

अवस्था छ । त्यहाँ गम्भीर भएर सोचौं भन्ने मलाई लाग्छ । विशेषत यति गर्दै गर्दा मैले एउटा ध्यानाकर्षण के गराएको छु भने अहिले कोभिड १९ को जुन रोगको विषयलाई लिएर केन्द्रीय सरकार, प्रदेश सरकार र स्थानीय तहका सरकारले मलाई लाग्छ करोडौं रकमहरु खर्च भइसकेको छ । त्यतिबेला त्यो ठाउँमा वास्तवमा बिरामीहरु आइसकेको अवस्था थिएन । यतिबेला अहिले जुन तरिकाले बिरामीको संख्या बढ्दो छ, यो खर्चको मितव्ययितातिर प्रदेश सरकारले र अन्य सरकारले विशेष ध्यान दिनुपर्छ भन्ने मलाई लाग्छ ।

म हिजो बेलका मात्रै सामाजिक विकास मन्त्रालयमा पस्ने बेलामा सचिवज्यूको मुखबाट थोरै सुने कि बागलुगमा २ जनालाई संक्रमित भएर निको बनाउने क्रममा प्रदेश मन्त्रालयमा ती २ जनाको खर्चको लागि एक करोड ६० लाख रुपैयाँको खर्चको हामीलाई टिप्पणी आएको छ, यो खर्चले कसरी धान्न सकिन्छ होला ? भन्ने खालको जिज्ञासा र चिन्ता व्यक्त गरेको मैले मन्त्रीहरुबाट देखे । र, यसले मलाई गम्भीर के बनायो भने दुईटा बिरामी भन्दै गर्दा दुईटा बिरामीलाई हामीले निको बनाउँदै गर्दा त्यत्रो ठूलो रकम हाम्रो चाहिँ प्रदेश मन्त्रालयमा व्यवभारको रुपमा आउने र भोलि लाखौं, हजारौ मानिस बिरामी हुँदा हामीले खर्चको व्यवभार थाम्न सकिन्छ त ? यो कुरा हाम्रो लागि गम्भीर विषय बनेको छ । भोलि बिरामी बढ्दै जाने, उपचारको क्रममा धेरै खर्च आउँदै जाँदै गर्ने र डक्टर एकातिर भाग्ने र हामी जनप्रतिनिधिज्यूहरु पनि दुलाभित्र पस्ने स्थिति नआओस् । यसको लागि मैले विशेष चाहिने खर्चलाई अति नै मितव्ययीता गरेर पारदर्शिता तरिकाले अगाडि बढ्ने गरी अनुरोध गर्ने गरी प्रदेश सरकारले विशेष त्यसको नेतृत्व गर्ने गरी मैले विशेषत ध्यान आकर्षण गराउन चाहन्छु । र, यो चाहिँ अहिले जे जति खर्च प्रणालीहरु भएका छन्, यसका पनि स्थानीय तहदेखि प्रदेश तहबाट एक द्धार प्रणालीबाट खर्च गर्ने अति आवश्यक कुराहरुलाई खर्चमा लैजाने र अन्य कुरालाई एउटा विस्तारै सरकारको महत्वपूर्ण जिम्मेवारीपूर्ण तरिकाले यसको जवाफदेहिता रहने तरिकाले यसको खर्च गर्नुपर्छ भन्ने यहाँ मैले ध्यानाकर्षण गर्न चाहन्छु ।

विशेषगत खर्चको विषयमा अहिले हामी यहाँ बस्दै गर्दा हामी जनप्रतिनिधि प्रदेशसभाको सदस्य हुँदै गर्दा हामीले धेरै कुराको गुनासो पोख्नुपर्ने रैछ । यो संघीय प्रणालीमा विशेषगरी प्रदेशलाई तगारो हुने गरी खर्च ठूलो आउने भयो भन्नेखालको हामीलाई लान्छना लाग्ने गरी आइरहेको छ । म प्रदेश सरकारलाई हार्दिक अनुरोध के गर्न चाहन्छु भने बरु खर्चको विषयमा केही कटौती गरेर भए पनि जनताको स्वास्थ्यको सेवामा लाउने कुरामा प्रदेश सरकारले सोचोस् भन्ने कुरामा ध्यान आकृष्ट गराउन चाहन्छु ।

माननीय सदस्य चन्द्रबहादुर बुढा (समय ५ मिनेट)

माननीय सभामुख महोदय,

यतिबेला हामी कोभिड १९ द्वारा आक्रान्त छौ । यो महामारीद्वारा सबै नतमस्तक छौ भन्न सकिन्छ । सुरुको चरणदेखि यहाँ सम्म आउँदा गण्डकी प्रदेश सरकारले यो महामारी रोकथाम नियन्त्रण  र उपचारको निम्ति जुन पहलकदमी लियो, र हामीले सरसर्ती अध्ययन गर्दा सबै जिल्लाको सन्दर्भ र विशेषत : यो गण्डकी प्रदेश राजधानीमा व्यवस्थापनको हिसाबले गण्डकी प्रदेश सरकारले पहलकदमी लिएको छ, उहाँहरुको तदारुकता जागरुकता र त्यो इच्छाशक्तिप्रति म हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु ।

योसँगसँगै हामीले गण्डकी प्रदेशमा डेडिकेटेड हस्पिटलको रुपमा ३ वटा हस्पिटललाई अगाडि बढाउने कुरा पनि गरेका छौं । धौलागिरि, यो गण्डकी र सामुदायिक हस्पिटल। ३ वटा हस्पिटललाई । र, मैले यहाँ राख्न खोजेको विषय के हो भने यो गण्डकी प्रदेश अन्तर्गत रहेको पश्चिमाञ्चल क्षेत्रीय यो विज्ञान प्रतिष्ठान गण्डकी हस्पिटलको कुरा गरिराख्दा खेरी यो सायद यो गण्डकी प्रदेशको एउटा आस्थाको धरोहर हो । यो गण्डकी हस्पिटलमा गण्डकी प्रदेशभित्रका आधारभूत जनताले उपचार गर्ने ठाउँ हो । प्रायः त्यो दीर्घ रोगी भन्नोस्, सुत्केरी भन्नोस्, अरु भइपरी आउने रोगी हस्पिटल हो । र, अहिले कैयौं क्वेश्चनहरु उठ्ने गरेका छन्, गण्डकी हस्पिटलमा आउँदै गर्दा त्यो त कोरोना हस्पिटल हो रे आउन मिल्ने हो कि नमिल्ने हो ? कतै बिरामी छ कि हाम्लाई सर्छ कि भनी चिन्ता व्यक्त गर्नुभएको छ । भोलि हामीले त्यस्ता दीर्घरोगी र न्युन आयस्रोत भएका जनतालाई व्यवस्थापन गर्ने सवालमा उपचार गर्ने सवालमा यदि गण्डकी प्रदेशमा कोभिड १९ को संक्रमणको संख्या दिनानुदिन बढ्यो र त्यस्को प्रभाव यहाँ बढ्यो भने ती आधारभूत जनताले उपचार गर्ने ठाउँ कहाँ  हो ? यो महँगा हस्पिटलमा हो वा हामीले मौलिक अधिकार भनेका छौं, शिक्षा स्वास्थ्यका कुरालाई राज्यका नीतिमा हामीले परिभाषित गरेका छौं , हाम्रो उपचार गर्ने ठाउँ नरहन सक्छ । त्यसो भएको हुनाले अब गण्डकी प्रदेश सरकारले अब नजरअन्दाज गर्न हुँदैन त्यसलाई सुरक्षित ढंगबाट त्यसको आस्था त्यसको विश्वास नटुट्ने गरी व्यवस्थपन गर्न म सभामुखमार्फत गण्डकी प्रदेशलाई विशेष आग्रह गर्न चाहन्छु ।

दोस्रो कुरा हामीले यति बेला अवसर पनि भनेका छौं । यो अवसरको सदुपयोग हामीले कसरी गर्न सक्छौं ? हामीले यस्सो हेर्‍यौ भने यो अवसरलाई सदुपयोग गर्नुको लागि परम्परागत ढंगबाट हुँदैन, संघीय सरकारले किन ढिलाई गरेको छ मलाई थाहा छैन । हामीलाई थाहा थाहा छैन तर अहिले जरुर चाहिएको छ, त्यो स्वास्थ्यसम्बन्धी ऐन चाहिएको छ । हामीले मौलिक अधिकारको कुरा गर्‍या छौं, राज्यको नीतिहरुमा परिभाषित गरिसकेका छौं अब त्यसलाई स्वास्थ्य सम्बन्धी ऐन अब बनाउन जरुरी छ । त्योसँग ..अन्तरसम्बन्धित

शिक्षा ऐनका कुरा छन्, खाद्य सुरक्षा यो भूउपयोग सम्बन्धी नीतिका कुरा छन्, अब हामीले किन नबनाउने ? सम्बन्धित मन्त्रालयलाई म सभामुखमार्फत ध्यानाकर्षण गराउन चाहन्छु । भोलि बाँभ्रिएको हकमा हामीले संशोधन गरौंला, तर अहिलेको परिस्थितिमा पिकअप गर्न सक्नु पर्छ । न कि के हो परम्परावादी ढंगले त्यो परिस्थिति पिकअप गर्न सक्दैनौं । त्यसले समस्यामाथि समस्या थोपर्ने स्थिति छ । हामीले अहिलेसम्म देखिराखेका छौं । म यसम भन्न चाहन्छु । यही सन्दर्भमा हामी लकडाउनमा छौं । मैले पटक पटक भन्ने गरेको छु, सार्वजनिक स्थलमा । यो मोडालिटी चेन्ज गरौ हामीले । अहिले यस्सो हेर्‍यौं भने हामीले उपचार गर्न आएर बसेका मान्छेहरु, हामीले यस्सो हेर्‍यौं भने साना व्यवसायीहरु विद्यार्थीहरु आज यहाँ रोकिएर बसेका छन् । हामीले प्रशासनमा कुरा गर्‍यौं भने माथिको आदेश भन्दै भनेर उनीहरुले आफ्ना आदेश जारी गरिरहेका छन् । अब उनीहरुको सुरक्षित रुपमा आ आफ्नो परिवारसँग आफ्नो गाउँघरमा पठाउने वातावरण सिर्जना गर्न जरुरी छ । मैले यस सन्दर्भमा पनि म प्रदेश सरकारलाई सभामुखमार्फत विशेष ध्यान आकृष्ट गर्न चाहन्छु ।

र, अर्को यही सँगसँगै अलि हामी प्राकृतिक प्रकोपबाट पनि प्रताडित भएका छौ । बागलुग जिल्लाको सन्दर्भमा त्यो बाढी पहिरो भन्नोस्, असिना पानीले भन्नोस्, त्यहाँका किसानहरु थिलथिलो हुनुभएको छ । अहिले पछिल्लो चरणमा, अहिले मकैलाई यो सिम्रे किराहरु लगायत अरु किराहरुले तहसनहस पारेको छ । त्यसको रोकथाम राहत र त्यो अवस्थालाई सहज रुपमा अगाडि बढाउनको लागि केही रकमहरु अथवा सम्भार मर्मतको लागि म सभामुखमार्फत सरकारको ध्यान आकर्षित गर्न चाहन्छु । धन्यवाद ।

माननीय सदस्यहरु,

विशेष समयमा बोल्ने माननीय सदस्यहरुको क्रम यही समाप्त हुन्छ ।

माननीय सदस्यहरु,

अब म आन्तरिक मामिला तथा कानुन मन्त्री हरिबहादुर चुमानले मिति २०७६।२।१३ गते सभामा प्रस्तुत भएको प्रदेश लोक सेवा आयोगका पदाधिकारीको पारिश्रमिक सेवाको शर्त र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव पेस गर्न अनुमति दिन्छु ।

सभामुख महोदय,

सम्मानित सभामा मिति २०७७ साल जेठ १३ गते प्रस्तुत भएको प्रदेश लोक सेवा आयोगका पदाधिकारीको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको

विधेयक प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ को उपनियम १ बमोजिम विधेयक माथि विचार गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्दछु । धन्यवाद ।

अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोला ।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस् । यसको विपक्षको हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन, तसर्थ प्रदेश सेवा आयोगका पदाधिकारीको पारिश्रमिक सेवाको शर्त र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृति भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरु,

अब प्रदेश लोक सेवा आयोगका पदाधिकारीको पारिश्रमिक सेवाको शर्त र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथिको सामान्य छलफल प्रारम्भ हुन्छ । यस छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा अनुरोध गर्दछु ।

छलफलमा भाग लिने माननीय सदस्यहरुको लागि १० मिनेटको समय निर्धारित गरेको छु । निर्धारित समयभित्र आफ्नो भनाइ राख्नुहुन अनुरोध गर्दछु ।

सर्वप्रथम माननीय सदस्य श्री मीनप्रसाद गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय मीनप्रसाद गुरुङ**

माननीय सभामुखज्यू,

हिजोमात्रै माननीय आन्तरिक मामिला तथा कानुन मन्त्री हरिबहादुर चुमानज्यूले यस सम्मानित सदनमा प्रदेश सभामा लोकसेवा आयोगको पदाधिकारीहरुको पारिश्रमिक सेवा शर्त र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको सैद्धान्तिक छलफलको लागि हामी अहिले यहाँ प्रस्तुत उपस्थित भएका छौं ।

सभामुखज्यू,

प्रदेशको निजामती सेवा, प्रदेश प्रहरी अन्य सरकारी निकाय, संघ संस्थाहरुको र यसलाई यी संस्थाका सेवालाई व्यवस्थित गर्ने, स्वच्छ निष्पक्ष र पारदर्शी बनाई सेवा प्रवेशलाई योग्यता प्रणालीको आधारमा अझ बलियो बनाई सार्वजनिक प्रशासनलाई सक्षम सुदृढ र जनमुखी

बनाउनको लागि संविधानको धारा २४४ को उपधारा ३ को व्यवस्था अनुसार संघीय संसदले कानुन बनाई प्रदेश लोक सेवा आयोग आधार र मापदण्ड ऐन २०७५ जारी भइसकेको छ । र, सोही ऐनको निर्देशन या सोही ऐनलाई टेकेर संविधानको अनुसूचीमा छ, जो चाहिने प्रदेश सरकारको एकल अधिकारमा पनि प्रदेश लोक सेवा आयोग रहेको छ । र, त्यो प्रदेश लोक सेवा आयोग २०७६ यस सम्बन्धित सम्मानित सभाबाट विधिवत् रुपमा पास भएर कार्यान्वयनमा पनि आउनका लागि हामी अगाडि बढेका छौं । र, यही सन्दर्भमा स्वभाविक रुपले उक्त जारी प्रदेश लोकसेवा ऐन २०७६ को दफा ३ मा व्यवस्था भए अनुसार प्रदेश लोकसेवा आयोगको गठनको ढोका खुलेको छ । र, सँगसँगै यही दफा ३ को १ को व्यवस्था अनुसार अध्यक्ष सहित बढीमा ३ जना रहने गरी लोकसेवा आयोग पदाधिकारीहरुको गठन गर्ने व्यवस्था भए अनुसार र त्यही दफाको निर्देशन अनुसार हामीहरु अहिले विधिसम्मत् प्रक्रियाबाट यसलाई प्रदेश सरकारले कार्यान्वयनको लागि हामीसमक्ष अर्थात यो सम्मानित सदन अगाडि प्रस्ताव अगाडि बढाएको छ । र, प्रष्टै छ, यसले यसको औचित्यता पुष्टी हुन्छ र यही सन्दर्भमा म र मेरो दल यसलाई पूर्ण समर्थन गर्न चाहन्छु ।

सभामुख महोदय,

कुनै पनि लोकतान्त्रिक मुलुकमा लोक सेवा आयोगको त्यसको एउटा अभिन्न विशेषणको रुपमा रहेको हामी पाउँदछौं । लोक सेवा आयोगको गठन हुन त नेपालमा पनि प्रजातन्त्रको पुनर्स्थापना पछि मलाई लाग्छ २००८ सालपछि लोक सेवा आयोगले प्रारम्भ गरेर अहिले हामीहरु यहाँसम्म आइपुग्दा या भनौ लोकतान्त्रिक संघीय समावेशी गणतन्त्रसम्म आइपुग्दा यसका थुप्रै आरोह अवरोधहरु पार गर्दै हामीहरुले यसलाई व्यवस्थित गर्ने, चुस्त दुरुस्त बनाउने र बढी से बढी जनताको विश्वास जितेर मलाई लाग्छ धेरै संस्थाहरुमा अहिले संवैधानिक रुपले भइरहेका संस्थाहरुमा यो एउटा नमुना र विश्वासिलो संस्थाको रुपमा अघि बढिरहेको छ र अझ यसलाई प्रभावकारी रुपमा अगाडि बढिरहँदा यो गणतन्त्र वा संघीयतालाई संस्थागत गर्ने क्रममा अहिले लोक सेवा आयोग हिजो केन्द्रीकृत रुपले एउटामात्र संस्था थियो भने अहिले सात वटा प्रदेशमा सात वटा आयोगहरु बनेर यसलाई अझ व्यवहारिक रुपले अगाडि बढेर संघीय लोकतन्त्रलाई संस्थागत गर्ने, जनताको विश्वास जित्ने र सेवा प्रवाह व्यवस्थित बनाएर साँच्चिनै रुपान्तरणलाई संस्थागत गर्ने र राजनीतिक नेतृत्वको दृढ ईच्छालाई जनतासँग एकाकार गरेर अगाडि बढाउने कुरामा मलाई लाग्छ हामी अगाडि बढ्ने छौं र यो विश्वास दिलाउन चाहन्छु । सँगसँगै सभामुख महोदय, लोकतन्त्र भन्नासाथ या लोकतन्त्रमा लोकको शोष नभई लोकको निन्दाबाट मुक्त भएर लोक परम्परा र लोक आदर्शलाई विशिष्टीकृत गर्दै लोक मत र लोक आवाजको पनि कदर गर्दै लोकाचार प्रवृत्तिलाई निरुत्साहित गर्दै लोक सम्मतिमा विश्वास गरी लोक

सम्पर्कलाई सजीव बनाई लोक हितमा लोक शान्ति र विकासलाई निष्ठावान् किसिमबाट लोक चाहिने विधि र पद्दति अनि लोक वादमा हामीहरु विश्वस्त छौं र त्यही आधारमा अर्थात् त्यही निर त्यसप्रति वफादार रहेर लोक प्रशासनको चाहिने आवश्यकता रहन्छ, पक्कै पनि लोकतन्त्रमा । यही सन्दर्भमा त्यो सामूहिक चाहिने सुशासन या पर्यत्नको एउटा आयाम पनि हो, सार्वजनिक प्रशासन या चाहिने लोक प्रशासन । त्यसो भएको हुनाले सिद्धान्तत: जसलाई हामीले राज्यको चाहिने एउटा स्थायी सरकार पनि भन्ने गर्छौ र जसले राज्य र राजनीतिक प्रणालीलाई पनि संचालन र निर्देशन र संयोजन पनि गर्दछ । यति महत्वपूर्ण कुरा यो यति महत्वपूर्ण जसले चाहिने राज्यको सम्पूर्ण अवयवहरुलाई संचालित व्यवस्थित र साँच्चै भन्ने हो भने राज्यको प्रतिफल कहाँ निर कसरी प्राप्ति हुन्छ भन्ने कुरा पनि धेरै महत्व राख्छ । सार्वजनिक प्रशासनलाई व्यवस्थित गर्ने किसिमले जुन प्रदेश लोक सेवा आयोग गठन भएको छ, त्यसको ऐनको व्यवस्था अनुसार लोक सेवा आयोगका पदाधिकारीहरु चयन हुने जुन व्यवस्था छ, स्वभाविक रुपले यो लोकसेवा आयोगका पदाधिकारीहरु जुन खालले लोक सेवा आयोगका पदाधिकारीहरु गठन भइसकेपछि नियुक्ति भइसकेपछि कुनै आग्रह पूर्वाग्रह अर्थात् तनाव चाहिने के त भन्दा दबाब बिना एउटा उच्च मनोबलका साथ एउटा दह्रिलो र स्वच्छ र चाहिने लोक उत्तरदायी प्रशासन निर्माणको लागि पक्कै पनि के त भन्दा यो विधेयकले एउटा सहयोग गर्ने छ । त्यसमा हामी विश्वस्त छौं । अर्थात् म र मेरो दल यसप्रति पूर्ण समर्थन जनाउँदछौं जनाउँदछु । र प्रचलित कानुनको दायरामा रही देशको चाहिने वर्तमान सामाजिक, आर्थिक, सचेतनाको साथ जानकार पूर्ण जानकारीको साथ व्यक्तिको एउटा नैंसर्गिक अधिकारलाई ख्याल गर्दै हेक्का राख्दै शारीरिक र मानसिक श्रमको उच्च सम्मानको साथ जुन चाहिने विधेयकमा विभिन्न अन्तर बस्तुहरुमा लोक सेवा आयोगका पदाधिकारीहरुको पदाधिकारी सेवा र शर्त र सुविधाहरुको व्यवस्था गरेको छ । मलाई लाग्छ, अहिलेको बस्तुस्थितिमा पूर्ण सम्मानयोग्य र उच्च मूल्यांकन रहेको कुरा निवदेन गर्दै तसर्थ म र मेरो दल यो चाहिने लोक सेवा आयोगको पदाधिकारीहरुको सेवा, शर्त र सुविधाको जुन विधेयक छ, यसलाई म सैद्धान्तिक औचित्यताको पूर्ण समर्थन गर्दै म आफ्नो भनाइ अन्त्य गर्छु । धन्यवाद ।

माननीय सदस्य बिन्दुकुमार थापालाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय बिन्दुकुमार थापा**

सभामुख महोदय,

आज हामी प्रदेश लोक सेवा आयोगका पदाधिकारीको पारिश्रमिक सेवाका शर्त र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको सैद्धान्तिक छलफलमा जुटेका छौं । नेपालको संविधानले दिएको प्रदत्त अधिकार र संघीय संसदबाट प्रदेश लोक सेवा आयोग आधार र मापदण्ड निर्धारण ऐन २०७५ ले जारी गरेको संघीय कानुन अनुसार प्रदेश लोक सेवा आयोगका अध्यक्ष र सदस्यको पारिश्रमिक र सेवाका शर्त प्रदेश कानुन अनुसार हुने व्यवस्था अनुसार यो विधेयक आएको छ । प्रदेश लोक सेवा आयोगका पदाधिकारी नियुक्ति पाउने पारिश्रमिक सेवाका शर्त र सुविधाको व्यवस्था गर्नुपर्ने अपरिहार्य छ । र, अघिल्लो वर्ष २०७६, ७७ को बजेट रु. ६ करोड समेत विनियोजन भइसकेपछि भइसकेको परिप्रेक्ष्यमा यो कानुनको कार्यान्वयनमा सहजता आउने निश्चित देखाएको छ ।

सभामुख महोदय,

विभिन्न २७ बुँदामा आएको यो विधेयकमा केही अस्पष्टता र कन्फ्युजन, तजबिजी अधिकार बढ्ने खालको दोहोरो अर्थ लाग्ने खालको देखिएकोले थप स्पष्टता भएर आउनुपर्छ भनी म सभामुखज्यूमार्फत माननीय आन्तरिक मामिला मन्त्रीज्यूलाई यो सुझाव राख्न चाहन्छु । विधेयकको दफा १९ मा आयोगका महिला पदाधिकारीले प्रसूति अघि पछि गरी ९८ दिन पूरा पारिश्रमिक सहितको प्रसूति बिदा पाउने छ भनी भनिएको छ र दफा २० मा पदाधिकारीले पत्नी सुत्केरी भएमा वा अघि वा पछि १५ दिनसम्मको पूरा पारिश्रमिक सहित प्रसूति स्याहार बिदा पाउने भनिएको छ । नेपाल श्रम ऐन २०७४ को खण्ड ६७ को बुँदा ४५ मा १४ हप्ता बिदा पाउने र ६० दिनको पूरा पारिश्रमिक र बाँकी अवधिको पारिश्रमिक नपाउने भनिएको छ र त्यस्तै यो त्यो श्रम ऐनको नेपाल श्रम ऐनका २०७४ अनुसार यो पछि डिष्ट्रिक्ट कोर्ट पनि फैसला गरेको यो कार्यकाल भरी बढीमा २ पटकसम्म यो सुविधा पाउने भनेर उल्लेख गरेको छ । तर यहाँ चाहिँ अलिकति त्यो ९८ दिनै पूरै पाउने हो कि भने जस्तो देखिएको छ । यसलाई थप स्पष्ट भएर आइदियो भने सजिलो हुन्छ भन्ने मलाई लाग्छ । र त्यस्तै यो आयोगको अध्यक्ष र सदस्यको सुविधा सम्बन्धमा आवास सुविधा अध्यक्षको पनि २० हजार राखिएको छ । सदस्यको पनि २० हजार राखिएको छ । त्यस्तै गरेर लुगा भत्तामा पनि अध्यक्षको र सदस्यको १०/१० हजार राखिएको छ । त्यसकारण यो अध्यक्ष र सदस्यको मर्यादा क्रम अनुसार यो अध्यक्षको केही बढी यसमा यो २० हजार र १० हजारमा केही बढी थप्नुपर्छ कि भन्ने मलाई यो सुझाव राख्न चाहन्छु । हस् । धन्यवाद । जय नेपाल ।

माननीय सदस्य श्री हरिशरण आचार्यलाई छलफलमा भाग लिन म समय दिन्छु ।

माननीय हरिशरण आचार्य

माननीय सभामुखज्यू,

प्रदेश लोक सेवा आयोगको पदाधिकारीको पारिश्रमिक, सेवा, शर्त, सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माननीय मन्त्रीज्यूले सदनसमक्ष प्रस्ताव गरिसक्नु भएको छ । यसमा त्यति धेरै टिप्पणी गरिराख्र्ने किन त्यो सेवा सुविधा सँग पनि सम्बन्धित छ । यसमा विशिष्ट श्रेणीदेखि लिएर दशौं तह मतलब तहगत हिसाबले फस्ट क्लासदेखि लिएर विशिष्ट श्रेणीसम्मका सबै सेवा सुविधाको व्यवस्था गरेको मैले देखेको छु । र, यो भित्र मलाई के लाग्छ भने जस्तो नेपालको संविधानको धारा २४४ मा जुन व्यवस्था गरेको छ, त्यो २४४ मा व्यवस्था गरे अनुसारको प्रदेशको लोक सेवा आयोग बनाएर यल्लाई हामीले प्रतिस्पर्धात्मक ढंगले सबैलाई स्वच्छ ढंगले पारदर्शी ढंगले जनशक्तिलाई व्यवस्थापन गर्ने विधिको एउटा निश्चित गरिएको छ, यो विधि साँच्चै भन्ने हो भने मलाई एउटा निजामती सेवामा मात्र नेपालमा अगाडि थियो, ६५ साल पछाडि ६६ सालबाट सुरु भयो त्यो । ६६ साल पछाडि गरी सेवामा अनि सबै ठाउँमा चाहिँ संस्थानदेखि लिएर प्रहरी सम्मको सबै छनोट गर्दाखेरी चाहिँ लोक सेवा आयोगलाई अगाडि बढाउन अथवा त्यसको प्रतिनिधि राखेर मात्रै परीक्षा लिइने विधिको विकास गरियो । सायद त्यो भन्दा अगाडि मात्रै निजामती सेवामा मात्रै त्यो विधि थियो । पछि आएर जब त्यो व्यवस्था गरियो र आज प्रदेश भित्र पनि हामीले चाहिँ धेरै ठाउँहरुमा कर्मचारीहरु धेरै ठाउँमा जनशक्ति अभाव भएको कुरा हामीले पाइराखेका छौं । त्यसलाई पूर्ति गर्नका निमित्त छिटोभन्दा छिटो यसको सुनिश्चित गर्न पाइयो भने हाम्रो त्यो ठाउँमा जनशक्ति छिटो पुग्छ र त्यस पछाडि हामी हाम्रो कार्यसम्पादन छिटो गर्न सक्छौं भन्ने कुराको एउटा चिन्तामात्रै विषयबस्तु मैले यसमा जाहेर गर्न चाहन्छु ।

त्यसो भएर सरकारले यसलाई छिटोभन्दा छिटो प्रदेश लोक सेवा आयोग गठन मतलब चाहिँ त्यो प्रक्रिया अगाडि बढाएर छिटोभन्दा छिटो आ आफ्ना कार्यालय सम्बन्धित कार्यालयमा जनशक्ति व्यवस्थापन गरोस् र कार्य सम्पादनमा चुस्तता र व्यवस्थित एउटा वातावरण बनाउनेखालको चाहिने पहलकदमी लिओस् । म आग्रह गर्न चाहन्छु ।

अन्त्यमा, यो विधेयक वास्तवमा हामीले मलाई त अलिकति लाग्ने के हो भने नेपालमा यो तलब थोरै भयो भनेर पैसा थोरै भयो भनेर र्‍याल काढ्नेहरु धेरै भए । त्यसैले बरु तलब कति चाहिन्छ ? कति दिन दिनुपर्ने हो ? सहमतिमा सबैले दिने व्यवस्था गरौं तर नेपालमा भ्रष्टाचारको भन्ने कुराको शुन्यताको व्यवस्था कसरी निर्माण गर्न सक्छौं ? त्यतातिर पहल गरौं । म आग्रह गर्न चाहन्छु । धन्यवाद ।

माननीय सदस्य श्री विष्णुप्रसाद लामिछानेलाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय विष्णुप्रसाद लामिछाने ।**

माननीय सभामुख महोदय,

हामी यतिबेला प्रदेश लोक सेवा आयोगका पदाधिकारीहरुको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि सैद्धान्तिक छलफल गर्दैछौं । नेपालको संविधानको धारा २४४ ले प्रदेश लोक सेवा आयोगको व्यवस्था गरेको छ । प्रदेशमा लोक सेवा आयोग आफ्नै हुन सक्ने भनेर व्यवस्था गरेको छ । सोही अनुरुप प्रदेशमा लोक सेवा सम्बन्धी ऐन आइसकेको छ । हामीले त्यो पारित गरिसकेका छौ र त्यो ऐन अनुसारका पदाधिकारीहरुले कस्तो किसिमको सेवा पाउने ? सुविधा पाउने ? र पारिश्रमिक पाउने भन्ने मै यो विधेयकले बोलेको छ । मलाई लाग्छ हामी कसैलाई कानुन बनाएर ऐन बनाएरै काम गर्न लगाउँछौं भने उनीहरुले पाउने पारिश्रमिकको बारेमा धेरै बहस, धेरै छलफल गरिरहनुपर्छ भन्ने मलाई लाग्दैन । यद्यपि प्रदेश लोक सेवा ऐन २०७६ को दफा ६ ले प्रदेश लोक सेवा आयोगका पदाधिकारी अध्यक्ष लगायत सदस्यहरुको समेत पारिश्रमिकको व्यवस्था र यसका सेवाका शर्त र प्रदेश उल्ले पाउने आवश्यकता अनुसारको सुविधाको बारेमा प्रदेश कानुनमा भए बमोजिम हुने भन्ने भएको हुँदा यो विधेयक हामीसँग आएको छ । मलाई लाग्छ, लोक सेवा आफैमा एउटा महत्वपूर्ण निकाय हो । तपाई हामी सबैले अहिलेसम्म साँच्चै नै आत्मैदेखि विश्वास गरेको कुनै निकाय छ भने अहिलेसम्मको अवस्थामा त्यो लोक सेवा हो । त्यसैले जुन त्यो निकाय हो । जसको माध्यमबाट हामीले प्रदेशमा धेरै काम गर्नुपर्ने हुन्छ । अवश्य पनि उहाँको पारिश्रमिक उहाँको सेवा र सुविधा आवश्यकता अनुसार राज्यले गर्न सक्नेसम्म हुन जरुरी छ । हामीले अघिल्ला वर्षहरुमा भन्दै गर्‍यौ कर्मचारीकै अभावमा हाम्रा धेरै कामहरु रोकिए । माननीय मन्त्रीज्यूहरुले जवाफ दिने क्रममा पनि धेरै पटक कर्मचारीको अभाव देखाउनुहुन्थ्यो । हामीले पनि त्यो महसुस गर्‍यौं । अझै पनि हाम्रो प्रदेशमा पर्याप्त कर्मचारीको व्यवस्था हुन सकेको छैन । यो ऐन आइसकेपछि प्रदेश लोक सेवा ऐन पास भइसकेपछि र यसले आफ्नो प्रक्रियालाई अगाडि बढाइसकेपछि विश्वास छ, यस प्रदेशमा आवश्यक पर्ने कर्मचारी दक्ष जनशक्ति, प्रदेश प्रहरी लगायत अन्य सरकारी कर्मचारीहरुको व्यवस्थापनमा यसले महत्वपूर्ण भूमिका खेल्नेछ । त्यसैले यहाँ भित्र भएका यो ऐन भित्र विधेयक भित्र भएका सेवा सुविधाका बारेमा हामी दफाबार छलफल गरौंला । कहाँ कति सेवा सुविधा बढी भाका छन् । कतिपय ठाउँमा आवश्यक भन्दा बढी भएको पनि हुन सक्छ । कतिपय ठाउँमा आवश्यकता पनि पूर्ति नभएको हुन सक्छ । त्यो बारेमा हामीले दफाबार छलफलकै क्रममा बोलौला । अहिले मैले यत्तिमात्रै भन्छु, यो विधेयक यो प्रदेशको लागि आवश्यक थियो, त्यसैले आएको छ । यसका भित्री कुराहरु दफावाइज छलफल गर्दा खेरी आउने नै छ । वास्तवमा म शुभकामना दिन

चाहन्छु, यो विधेयक चाँडै पास होस् । चाँडै लोक सेवा प्रदेश लोक सेवा आयोगले यो प्रदेशमा आफ्नो प्रक्रियालाई अगाडि बढाउँछ । धन्यवाद ।

माननीय सदस्य श्री धनञ्जय दवाडीलाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय धनञ्जय दवाडी**

सभामुख महोदय,

प्रदेश लोक सेवा आयोगका पदाधिकारीहरुको पारिश्रमिक, सेवाको शर्त सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको सैद्धान्तिक छलफलको क्रममा हामी रहेका छौं । उदार लोकतान्त्रिक व्यवस्थामा, जननिर्वाचित, जनअनुमोदित र जनपक्षीय सरकारहरु हुन्छ । जनप्रतिनिधिहरुको निर्वाचन, जनप्रतिनिधको आउने र जाने कुरा आवधिक हुन्छ । निश्चित विधिद्धारा ती आउँछन्, जान्छन्, सरकार निर्माण हुन्छ, गइरहन्छ । वारम्बार ती सरकारले ती सरकारले जनप्रतिनिधि आफूलाई परीक्षित गरिरहनुपर्छ । परीक्षण गरिरहनुपर्छ । सरकारले संसदमा आफूलाई परीक्षण गर्छ । ऐनका विधिका माध्यमबाट परीक्षण गर्छ । काम र गतिविधिका आधारमा परीक्षण गर्छ । एकमुष्ठ सबै जनप्रतिनिधिले जनतामा आवधिक हिसाबले आफूलाई परीक्षित गर्छन् । र, त्यहाँ उनीहरु जनताका माध्यमबाट, आवधिक निर्वाचनका माध्यमबाट, मतदाताका माध्यमबाट अनुमोदित हुन्छन् । अर्थात् लोकतन्त्रमा सरकारको आउने र जाने क्रम चलिरहन्छ । ती आवधिक हुन्छ ।

तर लोकतन्त्रलाई सुदृढ बनाउन, त्यसलाई दिगो बनाउन, भरपर्दो बनाउन, एउटा ब्याक बोनको हिसाबले मेरुदण्डको हिसाबले नोकरशाहीतन्त्र कर्मचारीतन्त्रलाई जीवन्त बनाउनुपर्छ गतिशील बनाउनु पर्दछ । त्यसको निर्माण गर्ने त्यल्लाई परिचालन गर्ने र त्यसलाई स्थायित्व प्रदान गर्ने दायित्व सरकारसँग हुन्छ लोकतन्त्रमा । त्यो सब्बै काम सम्पन्न गर्नका लागि योग्यतम मान्छेहरुको छनोट गर्नु, योग्यतम मान्छेहरुलाई नियुक्ति गर्न योग्यतम मान्छेहरुलाई त्यो काम त्यो क्षेत्रमा काम लगाउने दायित्वमा सरकारले आफ्ना नियमबाट आफ्ना विधिबाट आफ्ना योजनाबाट ती कामहरुलाई सम्पन्न गर्नुपर्ने हुन्छ । र, सरकारले आवधिक निर्वाचनबाट आइरहने सरकारहरुले आफ्ना घोषित नीतिका आधारमा अरु धेरै मनसायका आधारमा तिनलाई दायाँ बायाँ गर्न नसकून् भनेर पनि कानुनद्वारै त्यसलाई व्यवस्थित गरिनु पर्दछ । यी सबै का मगर्नका निमित्त योग्यतम मानिस छनोट गर्नका निमित्त दुनियाँमा धेरै भरपर्दो हिसाबले आएको छ र हाम्रो देशमा एउटा संवैधानिक आयोग पनि हो । हामी संघीय लोकतान्त्रिक गणतन्त्रको प्रारम्भिक दिनहरुमा छौं । लोक सेवा आयोगको पनि संघीयताका मोडलहरु छन् । प्रदेशमा हामीले लोक सेवा आयोग गठन गर्नका निमित्त ऐन बनाएका छौ । त्यसका आधारमा पदाधिकारी र सदस्यको नियुक्ति गर्ने

गर्छौं । त्यसकारण हाम्रो यो पहिलो अभ्यास भएको कारणले पनि हामीले नियुक्ति गरिरहेका पदाधिकारीलाई नियुक्ति गरिरहेका अध्यक्ष र सदस्यहरुलाई पारिश्रमिक सेवा र सुविधा उचित मात्रामा व्यवस्थापन गर्न सकिएमा मात्रै अन्यत्र भन्दा अब्बल र योग्यतम मान्छेहरुको उपस्थितिमा त्यो गरिमामय हुनेछ । त्यसले राम्रो काम गर्न सक्नेछ भन्ने ध्येयका साथ यो विधेयक आएको छ ।

संविधान नेपालको संविधानको धारा २४४ ले प्रदेशमा लोक सेवा आयोग रहने व्यवस्था गरेको छ । यसको गठन प्रदेश कानुन बमोजिम हुने व्यवस्था छ । संघीय संसदद्धारा कानुन निर्माण पनि भएको छ । यो ७५ मा जारी भइसकेको छ । प्रदेश लोक सेवा आयोगको २०७६ को दफा ६ मा प्रदेश लोक सेवा आयोगको अध्यक्ष र सदस्यको पारिश्रमिक सेवा शर्त कानुन बमोजिम हुने व्यवस्था गर्‍या छ । ती कानुन निर्माण गर्नका निमित्त चाहिँ यो विधेयक आएको छ र यो विधेयकका आधारमा हामीले अब पदाधिकारी र सदस्यरुलाई नियुक्ति गरेर यसको कामलाई छिटो र छरितो हिसाबले अगाडि बढाउन जरुरी छ । र, यो ऐनलाई कार्यान्वयन गर्नका लागि जुन ऐन प्रदेश सभाबाट बनाइ सकी यो ऐन कार्यान्वयन गर्नका लागि प्रदेश सरकारको आर्थिक वर्ष ७६, ७७ मा नै ६ करोड रुपैयाँ विनियोजन भएको छ । ६ करोड रुपैयाँ विनियोजन गरेर प्रदेश सरकारले यसअघि नै यस्लाई व्यवस्थित गरिसकेको हुनाले यसलाई कामका हिसाबले योग्यतम मान्छेहरुको उपस्थितिका हिसाबले गरिमामय बनाउनको निमित्त पनि यो ऐन छिटो जारी गर्नु जरुरी थियो र सरकारले समयमा नै यो ल्याएको छ । र, यसकारण यो उपयुक्त छ । त्यसलाई दलका तर्फबाट मेरो व्यक्तिगत हिसाबले पनि समर्थन जनाउनका निमित्त म प्रस्तुत भएको छु ।

प्रदेशको निजामती सेवा प्रदेशको प्रहरी सेवा प्रदेशभित्रका अन्य सेवाहरु स्थानीय सरकारका सेवाहरुलाई पनि प्रदेश लोक सेवा आयोगको मापदण्ड, विधिका आधारमा व्यवस्थित बनाएर योग्यतम मान्छेहरुको उपस्थिति निर्माण गर्नका निमित्त तिनीहरुलाई निश्चित समयावधिमा नियुक्ति लिने, निश्चित समयावधिमा प्रमोसन हुने, निश्चित समयमा बिदा हुने यी सप्पै चिजको विधि, विधिको व्यवस्थापन गर्नका निमित्त यो ऐन महत्वपूर्ण हिसाबमा आएको छ । यो ऐन र यहाँका नियुक्ति हुने पदाधिकारीको गर्ने काम र उनीहरुको योग्यताको आधारमा हाम्रो प्रदेश भविष्यको कर्मचारीतन्त्रको तस्बिर प्रष्ट हुन्छ ।

प्रारम्भिकतिरमा हामीले काम गरेका हुनाले हामीले सबभन्दा राम्रोसँग योग्यतम ढंगले काम गर्न सक्यौं भने काम गर्न सक्यौं भने अरु ५० वर्षपछि पनि यो संसदको यहाँ उपस्थित हुने जनप्रतिनिधिको उच्चतम मूल्यांकन हुनेछ । त्यसकारण यो गरिमामय संसदको गरिमा राख्नका लागि गरिमामय संसदको निर्णय र यसको दार्शनिक सामाजिक राजनीतिक क्षेत्रको मूल्यांकन गर्नका निमित्त पनि प्रदेश लोक सेवा आयोगमा नियुक्त हुने पदाधिकारीहरु र

त्यहाँ उनीहरुले प्राप्त गर्ने सेवा र सुविधाले यसको भविष्य निर्धारण गर्दछ । यसकारणले यो विधेयक सैद्धान्तिक हिसाबले लोकतान्त्रिक संघीय लोकतान्त्रिक गणतन्त्रको मान्यताको आधारमा आएको कारणले यसलाई समर्थन जनाउँदै बिदा हुन्छु । धन्यवाद ।

माननीय सदस्यहरु,

अब म आन्तरिक मामिला तथा कानुन मन्त्री श्री हरिबहादुर चुमानलाई छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु ।

**आन्तरिक मामिला तथा कानुन मन्त्री हरिबहादुर चुमान**

माननीय सभामुख महोदय,

प्रदेश लोक सेवा आयोगका पदाधिकारीहरुको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धमा व्यवस्था गर्नबनेको विधेयकमाथि हामी सैद्धान्तिक रुपमा छलफल गरिराखेका गरिराखेका छौं । माननीय सदस्यज्यूहरुले मुख्यरुपले यसको आवश्यकता र यसको महत्वका बारेमा राख्दै समर्थन नै जनाउनु भएको छ । र, केही थोरै विषयमा मात्रै स्पष्ट पार्नुपर्ने कुरा यहाँ उठेको छ । सर्वप्रथम सहभागी यस विधेयकमा विधेयकमाथिको यो सैद्धान्तिक छलफलमा सहभागी माननीय सदस्यज्यूहरुलाई सभामुखमार्फत हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

प्रदेश लोक सेवा आयोगका पदाधिकारीहरुको अर्थात् अध्यक्ष र सदस्यहरुको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्बन्धमा व्यवस्था गर्नको निम्ति यसै सम्मानित सदनमार्फत यसै सम्मानित सदनबाट २०७६ मा नै हामीले प्रदेश लोक सेवा आयोग ऐन, २०७६ पारित गरिसकेका छौं त सोही ऐनमा प्रदेश लोक सेवा आयोगका अध्यक्ष र सदस्यको पारिश्रमिक, र सेवा शर्त, सेवाका शर्त प्रदेश कानुन बमोजिम हुने भन्ने कुरा दफा ६ मा उल्लेख छ । र, सोही अनुसार हामीले यो ऐन अर्थात् यो विधेयक ल्याएका छौं । र, दोस्रो कुरा अहिले पनि चर्चा भइसक्यो, संघीय कानुन बमोजिम नै अर्थात् संघीय संसदबाट नै प्रदेश लोक सेवा आयोगको आधार र मापदण्ड निर्धारण हुने भन्ने कुरा संविधानमा नै उल्लेख छ । र, त्यही अनुसार संघीय सरकारले त्यो ऐन पनि आधार र मापदण्ड पनि ल्याइसकेको छ , त्यसलाई आधार र मापदण्ड निर्धारण ऐन २०७५ भनेर उल्लेख छ । र, मैले यहाँ भन्न चाहेको कुरा के हो भने प्रदेश कानुन अनुसार पारिश्रमिक सेवाका शर्त र सुविधा र प्रदेश कानुन बमोजिम हुने र त्यो संघीय सरकारले नै ल्याएको अर्थात् प्रदेश लोक सेवा आयोगको आधार मापदण्ड निर्धारण ऐन जुन संघीय सरकारले ल्याइसकेको छ, त्यो आधार र मापदण्डभित्र रहेर सेवा यो  पारिश्रमिक सेवाका शर्त र सुविधाहरु दिन सकिने ।

प्रदेश कानुन अनुसार गर्नुपर्ने तर त्यो आधार र मापदण्ड जुन तय गरिएको छ, त्यसको सीमाभित्र रहेरमात्रै हामीले गर्न सकिने भनिएको छ । त्यसैमा आधारित भएर हामीले प्रदेश

लोक सेवा आयोगका अध्यक्ष र सदस्यहरु पदाधिकारी भनेको ३ सदस्यीय एकजना अध्यक्ष बढीमा २ जना सदस्य । उहाँहरुको पारिश्रमिक सेवाका शर्त र सुविधा तोक्न सकिने र त्यसमा आधारित भएर हामीले यो कुरालाई पनि ख्याल गरेर नै ल्याएका छौं कि अब त्यो आधार र मापदण्डभित्र गर्न सकिने अब राम्रो भनम् त्यसको त्यसको मतलब त्यसको दायराभित्र रहेर त्यसको उच्चस्तरै कायम हुने गरी सकेसम्म बढी नै दिन सक्नुपर्छ तर आधार र मापदण्ड भन्दा बाहिर जान सकिन्न । त्यहाँसम्म हुने गरी यो प्रदेश लोक सेवा आयोगका पदाधिकारीको पारिश्रमिक सेवा सुविधा र सेवाका शर्तहरु यहाँ तय गरेका छौं । र, जेहोस् यसमा अब अरु कुरा त हामी यो विधायन समितिमा नै दफाबार छलफल गर्ने छौं । कहाँ घटी कहाँ बढी यी कुराहरु हामी त्यहाँ छलफल गर्ने छौं । यहाँ त हामी सैद्धान्तिक रुपमा मात्र छलफल गर्ने हुनाले त्यो दायराभित्र रहेर हामीले यो प्रस्ताव अर्थात् यो ऐन ल्याएका छौं भन्ने कुरा म यहाँ सम्मानित सदन समक्ष स्पष्ट गर्न चाहन्छु ।

अब जहाँसम्म यो तजबिजी अधिकारको कुरा पनि हमी त्यही छलफल गरुँला । तजबिजी अधिकार खास गरेर आफ्नो अध्यक्षले आफ्नो बिदा ७ दिनसम्मको आफ्नो बिदा आफैले स्वीकृत गर्ने आदि कुरामा भन्न खोज्नुभएको होला, त्यो अधिकार प्रचलित कानुनमा नै व्यवस्था छ । र, अब दोहोरो अर्थ लाग्नेमा अब यही चाहिँ सुत्केरी बिदा अर्थात् प्रसूति बिदा ९८ दिन अगाडि वा पछाडि भनियाँ छ । त्यसबारेमा त त्यहाँ नै छलफल गर्न सक्छौं । यसको सिधा अर्थ अगाडि र पछाडि गरेर ९८ दिन र त्यो पूरा पारिश्रमिक सहितको भन्ने कुरा नै स्पष्ट साथ उल्लेख गरियाँ छ । यदि कतै त्यस्तो रहेछ भने पनि हामी दफाबार छलफलमै हामी त्यो विषयमा छलफल गर्ने छौं । र, अर्को प्रसूति स्याहार बिदाको कुरा छ । त्यो पनि अगाडि वा पछाडि भन्ने कुरा स्पष्ट छ । त्यो कुरा पारिश्रमिक सहितको हो भन्ने कुरा हाम्ले ल्याएका छौं । त्यसकारण यसमा त्यस्तो दोहोरो अर्थ लाग्ने बन्दैन भन्ने लाग्छ । यदि यस्तो रहेछ भने फेरि हामी छलफल गर्ने नै छौं । मैले यति नै कुरा यसमा यस विषयमा राख्न चाहें । र, जेहोस् यो हामीले अझ छिटो गर्नु पर्थ्यो । हामीले ठानेका थियौं कि अगाडि नै यो अघिल्लै सदनबाट पाँचौं अधिवेशनबाट नै संसदको पाँचौं अधिवेशनबाटै हामीले पारित गर्ने छौं भन्ने ठानेका थियौं । बरु दुईचार दिन लम्बाएर भए पनि अत्यावश्यक विधेयकहरु यो हिजो एउटा पारित गर्‍यौ र आज यो हामी सैद्धान्तिक छलफल गर्दैछौं । यस्ता विधेयकहरु हामी अघिल्लै सदनमा पारित गर्ने छौं भन्ने ठान्याथ्यौं तर पनि यो कोरोना विश्व महामारीको कारण लकडाउन बन्यो । त्यल्ले गर्दा यो छैटौं अधिवेशनमा यो आइपुग्यो । र, पनि हामी सुरुमै यो विषयमा छलफल गरेका छौं र जेहोस् यो छलफलमा माननीय सदस्यहरुले जुन यसको बारेमा आफ्नो भनाइहरु आफ्ना बुझाईहरु राख्नु भो त्यसको निम्ति पुनः धन्यवाद दिंदै मैले यो मात्रै हाम्रो प्रदेश कानुनले निर्दिष्ट गरे अनुसार लोक सेवा आयोगका पदाधिकारीहरुको पारिश्रमिक सेवा शर्त र सुविधा सम्बन्धी विधेयक

भएकोले धेरै सैद्धान्तिक विषयहरु नहुनु स्वभावि पनि हो । र, जे उठे त्यो बारेमा मैले आफ्नो भनाइहरु राखें । यति राखेर पुनः यहाँहरु सभामुखमार्फत माननीय सदस्यहरुलाई धन्यवाद दिंदै बिदा हुन्छु । हस् । धन्यवाद ।

माननीय सदस्यहरु,

अब यो छलफल यही समाप्त हुन्छ ।

माननीय सदस्यहरु, अब म माननीय आन्तरिक मामिला तथा कानुन मन्त्री श्री हरिबहादुर चुमानलाई मिति २०७७ साल जेठ १३ गते सभामा प्रस्तुत भई सामान्य छलफल समेत भएको प्रदेश लोक सेवा आयोगका पदाधिकारीहरुको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक दफाबार छलफलका लागि विधायन समितिमा पठाइयोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

**आन्तरिक मामिला तथा कानुन मन्त्री हरिबहादुर चुमान**

माननीय सभामुख महोदय,

सम्मानित सभामा मिति २०७७ साल जेठ १३ गते गठन भएको र मिति २०७६ साल जेठ १४ गते सभामा विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत भइ सामान्य छलफल समेत भएको प्रदेश लोक सेवा आयोगका पदाधिकारीहरुको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभा नियमावली २०७४ को नियम १०८ को उपनियम १ (ख) बमोजिम दफाबार छलफलका लागि विधायन समितिमा पठाइयोस् भनी प्रस्ताव प्रस्तुत गर्दछु । धन्यवाद ।

माननीय सदस्यहरु,

अब उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन, तसर्थ प्रदेश लोक सेवा आयोगका पदाधि पदाधिकारीको पारिश्रमिक सेवाको शर्त सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक दफाबार छलफलका लागि विधायन समितिमा पठाइयोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृति भएको घोषणा गर्दछु ।

विधेयकमा संशोधन पेस गर्न चाहनु हुने माननीय सदस्यहरुले गण्डकी प्रदेश प्रदेश सभा नियमावलीको नियम ११० बमोजिम ७२ घण्टाभित्र आफूले पेस गर्न चाहेको संशोधन सहितको सूचना प्रदेश सभा सचिवालयमा पेस गर्न सक्नु हुनेछ ।

उक्त विधेयक संशोधनको समय दिई समाप्त भएपछि मात्र विधायन समितिमा छलफल हुने व्यहोरा जानकारी गराउँछु ।

माननीय सदस्यहरु,

अब यो बैठक २०७७ साल जेठ १५ गते दिनको ११:०० बजे सम्मको लागि स्थगित हुन्छ ।